

# विपत् रिपोर्टिङः रिपोर्टरका लागि गाइड

इन्टरन्यूजद्वारा प्रकाशित ह्युमेनिटेरियन रिपोर्टिङ इन पाकिस्तानः
जर्नलिस्ट्स ह्यान्डबुकको नेपालीकरण ।

अनुवादः मोहन मैनाली
लेआउट डिजाइनः सुयोग श्रेष्ठ
संयोजनः मधु आचार्य
भुमिराज चापागाईं
फिल्ड परीक्षण गर्न सहयोगका लागि रेडियो सिन्धु परिवारलाई धन्यवाद
सबै फोटोः © मधु आचार्य

इलेक्ट्रोनिक संस्करणः २०७२ जेठ

© इन्टरन्युजलाई जानकारी गराएर गैरनाफामुखी प्रयोजनका लागि यसको प्रकाशन, प्रसारण र वितरण गर्न पाइनेछ । यसो गर्दा माथिको क्रेडिट छुटाउन भने पाइनेछैन ।

सूचना मानिसका लागि पानी, खाना, औषधी अथवा वास जति नै जरूरी कुरा हो ।

सूचनाले गर्दा मानिसको ज्यान, गरिखाने मेलो र सम्पत्ति जोगिन सक्छ । सूचना विपत्तिसँग जुध्ने एक मात्र त्यस्तो उपाय होला जसलाई अधिकांश मानिसले उपयोग गर्न सक्छन् ।

सूचना सही भयो भने मानिसलाई के कुरा चाहिएको छ र ती कुरा कसरी पुर्‍याउने भन्ने थाहा हुन्छ । गलत सूचनाका आधारमा गरिएका मानवतावादी हस्तक्षेप गलत र खतरनाक हुन सक्छन् ।

# विषय सूची


| | |
|---|---|
| भूमिका | ७ |
| मानवीय सहायता सम्बन्धी शब्दावली र सिद्धान्त | ९ |
| मानवीय विपत्तिमा सञ्चार माध्यमको भूमिका | १३ |
| सञ्चारमाध्यमः मानवीय सहायता प्रदान गर्ने एउटा उपाय | १७ |
| विपत् रिपोर्टिङः आधारभूत कुरा | २१ |
| कस्तो सूचना चाहिएको छः अडियन्सका आवश्यकता थाहा पाउने | २४ |
| पुनर्निर्माण र तयारी | ३० |
| चिन्तन मनन, विश्लेषण र स्टोरीको ढाँचा निर्माण | ३३ |
| मानवीय सहायता प्रदान गर्ने संस्था | ३९ |
| सूचनाको विश्वसनीय स्रोतसँग सम्पर्क गर्ने र सरोकारवालाबाट जानकारी लिने | ४५ |
| फिल्ड भिजिट | ५० |
| फिल्डमा जानु अघि | ५५ |
| मानवीय विपत्ति सम्बन्धी रिपोर्टिङ गर्दा ख्याल गर्नुपर्ने आचारसंहिता र जिम्मेवारी, रिपोर्टिङलाई एक पक्षीय हुन नदिने तरिका | ५९ |
| आघातः विपत्तिको रिपोर्टिङ गर्ने पत्रकारका लागि व्यावहारिक सल्लाह | ६४ |
| मानवीय विपत्तिको रिपोर्टिङ गर्ने पत्रकारको सुरक्षा र मानसिक स्वास्थ्य | ६९ |
| तङ्ग्रयाइ, रोकथाम र तयारीका लागि सञ्चार माध्यम | ७७ |

# भूमिका

प्राकृतिक अथवा मानव सिर्जित विपत्ति र त्यसबाट मानिस, समुदाय र देशमा परेको असरलाई सुसूचित र सन्तुलित ढंगले रिपोर्टिङ गर्न पत्रकारलाई सहयोग पुगोस् भनेर यो किताब तयार गरिएको हो । यसमा रिपोर्टिङका लागि पत्रकारले अपनाउनुपर्ने विधिका साथै मानवतावादी सहयोग गर्ने मुख्य संस्थाका कार्यक्षेत्र, भूमिका र कार्यशैलीका बारेमा उल्लेख गरिएको छ ।

यहाँ पत्रकारले आफ्ना कामका सिलसिलामा उपयोग गर्न मिल्ने जानकारी, सल्लाह, उदाहरण र स्रोतसाधन दिइएका छन् । यिनको उपयोग गरेर पत्रकारले विपत्तिबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले असर परेका आफ्ना अडियन्स अथवा विपत्तिले पारेका असर घटाउन फिल्डमा काम गरिरहेका व्यक्ति वा नीति निर्मातालाई उपयोगी सूचना दिन सक्छन् । उनीहरूले सही र पूर्ण सूचना बेलैमा पाएका खण्डमा मानिसको ज्यान बच्न सक्छ, मानिसको दुःख घट्न सक्छ ।

विपत्ति आएका बेलामा रिपोर्टिङ गर्दा तत्कालको संकटमा मात्र ध्यान दिने चलन छ । संकटको बृहत् परिदृश्य बताउने चलन त्यति छैन । ठूला विपत्तिका बारेमा रिपोर्टिङ गर्दा विपत्तिका इतिहास, विश्लेषण, त्यससँग सम्बन्धित शैक्षिक जानकारी, आफ्नो अनुसन्धानबाट प्राप्त जानकारी र अनुभव समेत समेट्नुपर्छ । सरकार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, राष्ट्रसंघीय निकाय, स्थानीय संस्था, प्रभावित समुदाय लगायतका थरीथरीका स्रोत र सरोकारवालाबाट जानकारी लिनुपर्छ ।

विपत्ति आइलागेका बेलामा पत्रकारको भूमिका संकटको विवरण टिप्ने र प्रस्तुत गर्नेमा मात्र सीमित हुनुहुँदैन । आफ्नो काममा प्रतिबद्ध र जिम्मेवार रिपोर्टरले वास्तविक अवस्थाको चित्रण गरिदिन्छ जसले गर्दा आम मानिसले ज्ञान पाउँछन् । यो पत्रकारको सामान्य भूमिका भयो । पत्रकारले योभन्दा ठूलो भूमिका निभाउनुपर्छ । त्यो होः संकटमा परेका मानिसले भोग्नुपर्ने जोखिम, खतरा र उनीहरूका लागि उपलब्ध सहयोग सम्बन्धी उपयोगी जानकारी संकलन गरी प्रचारप्रसार गर्नु जसले गर्दा विपत्तिमा परेका मानिसलाई फाइदा पुग्छ ।

नेपालले मानव निर्मित र प्राकृतिक दुवै खालका मानवीय संकट भोग्नुपरेको छ । नेपालले तिब्बती र भुटानी शरणार्थीलाई शरण दिएको छ । द्वन्द्वका बेलामा आफ्नै देशभित्रका नागरिक घरबारविहीन भएको पीडा भोगेको छ ।

अहिले नेपालले भोग्नुपरेको ठूलो भुइँचालो जस्ता प्राकृतिक विपत्तिमा धेरै मानिसको ज्यान जान्छ, ठूलो मात्रामा विनाश हुन्छ । सञ्चार माध्यमले राजनीतिक र मानवीय संकटका विषयमा रिपोर्टिङ त गर्छन् तर यस्ता विपत्ति र तिनले पार्ने प्रभावका बारेमा रिपोर्टिङ कसरी गर्ने भन्ने विषयमा पत्रकारले उति तालिम पाएका हुँदैनन् ।

पत्रकारको रिपोर्टिङ क्षमता बढाउनु र यस्तो खालको रिपोर्टिङ गर्दा आइपर्ने जटिलताका बारेमा उनीहरूको ज्ञान बढाउनु जरूरी छ । यसो भएका खण्डमा आपतकालीन सहयोगका बारेमा गरिने रिपोर्टिङ प्रभावकारी हुन्छन् ।



# मानवीय सहायता सम्बन्धी शब्दावली र सिद्धान्त

मानवीय संकटः (वा मानवीय विपत्ति) भनेको यस्तो घटना वा घटनाको श्रृंखला हो जसले धेरै ठाउँका धेरै मानिसको स्वास्थ्य, सुरक्षा, रक्षा अथवा सुखशान्तिमा गम्भीर असर पार्छ ।

लडाइँ, महामारी, अनिकाल, प्राकृतिक विपत्ति र अन्य खालका ठूला संकट मानवीय विपत्ति हुन् अथवा यिनले मानवीय विपत्ति ल्याउँछन् । विभिन्न समुदाय र संस्थाले आफूले भोगेका घटनाका आधारमा विपत्तिलाई भिन्न किसिमले परिभाषित गर्ने गरेका छन् । प्राकृतिक विपत्तिका क्षेत्रमा काम गर्नेले बाढी, पहिरो जस्ता संकटलाई विपत्ति मान्छन् भने स्वास्थ्य क्षेत्रमा काम गर्नेले धेरै मानिसको स्वास्थ्यमा असर पार्ने महामारी जस्ता घटनामा ध्यान दिन्छन् ।

रेडक्रस र रेड क्रिसेन्टहरूको अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) ले थरीथरीका प्राकृतिक विपत्ति, प्राविधिक विपत्ति (उदाहरणका लागि, हानिकारक पदार्थ पोखिनु, चेर्नोबिल जस्ता न्युक्लियर दुर्घटना हुनु, रासायनिक पदार्थ बिस्फोट हुनु आदि) तथा गृहयुद्ध र अन्तर्राष्ट्रिय युद्ध जस्ता दीर्घकालीन मानव सिर्जित विपत्तिका सूची तयार गरेको छ । मानवीय सहायता प्रदान गर्ने संस्थाहरूले अन्तर्राष्ट्रिय रूपमा प्राकृतिक विपत्ति र सशस्त्र द्वन्द्व तथा लडाइँसँग सम्बन्धित “जटिल आपतकाल” लाई अलगअलग ढंगले लिने गरेका छन् ।

मानवतावादी/मानवीय प्रतिक्रियाः संकटले सिर्जना गरेका मान्छेका पीडा कम गर्न वा उनीहरूका आवश्यकता पूरा गर्न जोसुकैले गरेका जुनसुकै काम । यस्ता काम गर्नेहरूमा गाउँ/टोलका व्यक्ति वा संस्था हुन सक्छन्, स्थानीय अथवा राष्ट्रिय सरकारी निकाय हुन सक्छन् अथवा अन्तर्राष्ट्रिय सहयोग संस्था हुन सक्छन् । धेरै देशमा आफ्नै देशका सेना र प्रहरी परिचालन गरिन्छन् । “मानवतावादी” सहायता गर्ने उद्देश्यले एउटा देशको सेना अर्को देशमा पठाउने चलन पनि छ । तर संकटसँग राजनीति जोडिएका बेलामा भने यस्तो “मानवतावादी” सहयोग विवादास्पद हुन सक्छ ।

मानवतावादी/मानवीय सहायताः युद्धबाट क्षतविक्षत भएका ठाउँमा तेस्रो पक्ष (लडाइँमा तटस्थ देश अथवा लडाइँका बेलामा निरस्त्र नागरिकलाई सहयोग गर्ने काममा अनुभवी राहत दिने संस्था) ले पठाएका खानेकुरा, पानी र अन्य आवश्यक वस्तु ।

मानवतावादी/मानवीय हस्तक्षेपः कुनै एउटा देश वा विभिन्न देशहरूको समूहले अत्याचार, गृहयुद्ध, भोकमरी अथवा जाति संहार रोक्नका लागि अर्को देशमा सैन्य बल तैनाथ गर्ने काम ।

मानतावादी/मानवीय सिद्धान्तः मानवतावादी काम/मानवीय सहायता कसरी गर्ने भनी निर्धारण गरिएका मुलभूत सिद्धान्त । यी सिद्धान्त सबैभन्दा पहिले रेडक्रसले तयार गरेको थियो । यी सिद्धान्त रेडक्रस/गैरसरकारी संस्थाको आचारसंहिता (http://en.wikipedia.org/wiki/Red_Cross/NGO_Code_of_Conduct) र राष्ट्रसंघीय साधारण सभाको प्रस्ताव ४६/१८२ मा दिइएका छन् । फिल्डमा मानवीय सहायताका कामलाई प्रभावकारी बनाउन तल दिइएका सिद्धान्त पालना गर्नुपर्छ । यी सिद्धान्त मानवीय प्रतिक्रियाका काममा लागेका संस्थाहरूको लामो अनुभवका आधारमा तयार पारिएका हुन् ।

द्वन्द्व भएका बेलामा यी सिद्धान्त पालना गरिएन भने पीडितका आवश्यकता पूरा गर्ने काममा लागेका संस्थाको क्षमता ह्वात्तै घट्छ । उदाहरणका लागि, युद्धमा लागेको एउटा पक्षलाई सहायता गर्ने संस्थाले पक्षपात गरेको छ भन्ने लाग्यो भने उसले यस्तो संस्थालाई पीडितसम्म पुग्न नदिन सक्छ र मानवीय सहायता गर्ने मानिसको ज्यान खतरामा पर्छ । लडाइँमा लागेको एउटा पक्षलाई सहायता गर्ने संस्थाले अर्को पक्षको धर्म प्रचार गरिरहेको छ भन्ने लाग्यो भने त्यस्ता संस्थालाई निर्वाध रूपमा काम गर्न नदिन सक्छ ।

अन्तर्राष्ट्रिय मानवीय कानुनः जेनेभा महासन्धि र अन्य कागजातमा लेखिए बमोजिमको लडाइँ सम्बन्धी नियम । यसले लडाइँमा लागेका देश र व्यक्तिले के काम गर्न हुन्छ, के गर्न हुँदैन र के काम गर्नुपर्छ भन्ने कुरा निर्धारण गरेको छ । यसले लडाइँमा नलागेका नागरिकलाई खतरा नपुगोस् भन्ने चाहेको छ ।

विपत् रिपोर्टिङः कुनै समुदाय अथवा धेरै मानिसको स्वास्थ्य, सुरक्षा, रक्षा अथवा सुखशान्ति जोखिममा परेको (मानवीय प्रतिक्रिया भएको अथवा नभएको) अवस्थाको रिपोर्टिङ गर्ने पत्रकारिताको विशेष विधा ।

पत्रकारिता अरु विशेष विधा (आर्थिक पत्रकारिता वा वातावरण पत्रकारिता) मा जस्तै यसमा पनि खास ज्ञान र सीप चाहिन्छ ।

विपत् रिपोर्टिङ मानवीय सहायताको रिपोर्टिङमा मात्र सीमित छैन । यसमा धेरै कुरा समेटिन्छन्: संकट आउनुभन्दा पहिलेको जोखिमपूर्ण अवस्था र प्राकृतिक अथवा मानव सिर्जित विपत्तिको सामना गर्नका लागि समुदायले गरेको तयारी, मानवीय विपत्ति (सुस्त वा तीव्र गतिमा आएको), समुदायका तत्कालका आवश्यकता र त्यस्तो अवस्थासँग जुध्ने उपाय, मानवीय प्रतिक्रिया, सहायता संस्थाका प्रयास (यदि भएका छन् भने), जीवन स्थिर भएको, तङ्ग्रिएको र पुनर्निर्माण अनि अन्त्यमा विपत्ति भोगेको समुदायले विकास गर्न थालेको चरण । विपत्तिबाट विकासको चरणमा पुग्नका लागि धेरै वर्ष लाग्न सक्छ । यी सबै चरणमा यस्तो रिपोर्टिङको महत्व हुन्छ ।



# मानवीय विपत्तिमा सञ्चार माध्यमको भूमिका

विपत् आइपरेका बेला मानिसलाई सुरक्षा, खानेकुरा र वास जस्ता आधारभूत कुरा जरूरी हुन्छन् । यस्ता बेलामा पत्रकारले विपत्ति भोगेका मानिसमा ज्यान बचाउने र बिस्तारै सामान्य अवस्थामा फर्कने आत्मबल दिलाउन महत्वपूर्ण भूमिका खेल्छन् । विपत् भोगेका मानिसलाई सूचना नभई नहुने कुरा हो भनी स्वीकार्ने क्रम बढ्दो छ । यहाँ सूचनाको महत्वका बारेमा इन्टरन्युज सेन्टर फर इन्नोभेसन एन्ड लर्निङका कार्यकारी निर्देशक मार्क फ्रोहार्डटसँग गरिएको कुराकानी प्रस्तुत छः



**विपत्तिका बेलामा सञ्चार माध्यमको उपयोग गर्न तपाईंलाई केले प्रेरणा दियो ?**

विपत्तिका बेलामा विपत्मा परेका मानिस र सहयोग पुऱ्याउने संस्थाका बीचमा जति चाँडो दोहोरो प्रभावकारी संवाद कायम गर्न सकिन्छ, त्यति नै चाँडै विपत्मा परेका मानिस तङ्ग्रिनका लागि सक्रिय रूपले लाग्छन् ।

**विपत् परेका बेलामा सञ्चार माध्यमलाई सहयोग गर्नु खानेकुरा र वासका तुलनामा अलि अनावश्यक कुरा होइन ?**

स्थानीय सञ्चार माध्यमलाई सहयोग गर्नु भनेको मानवीय प्रतिक्रियालाई ध्यान नदिनु होइन । सहायता पुऱ्याउने कामलाई सही सूचनाले धेरै

ठूलो सहयोग गर्छ । विश्वसनीय स्रोतबाट अथवा सञ्चार माध्यमबाट सूचना आउन छाड्यो भने हल्लाका लागि मलिलो वातावरण तयार हुन्छ । सूचनाले यस्तो अवस्था आउन दिंदैन । चादमा के पाइयो भने जब सरकारले आवागमनमा प्रतिबन्ध लगायो तब सरकारले शरणार्थी घर फर्कने काममा बाधा हाल्ने कोसिस गरेको छ भनी हल्ला फैल्यो । खासमा त्यहाँ सुरक्षा सम्बन्धी समस्या थियो । स्थानीय रेडियोले यो कुरा बताएपछि मानिसको सोचाइ फेरियो ।

## मानवीय विपत्तिका बेलामा सञ्चार माध्यमले कस्तो भूमिका खेल्न सक्छन् ?

प्राकृतिक विपत्तिको लगत्तै मानिसहरु आफूले जे देख्न सकिन्छ त्यति मात्र कुरा थाहा पाउँछन् । प्रसार माध्यम खासगरी रेडियोले मानिसलाई विपत्ति कति ठूलो छ र कहाँसम्म फैलेको छ भनी बताइदिन सक्छ । यसका आधारमा मानिसले आफ्ना सामान पोको पारेर भाग्ने कि आफू जहाँ छु त्यहीं बस्ने भनी निर्णय गर्न पाउँछन् ।

सहायता र पुनर्निर्माणका कामका बारेमा सूचना दिने महत्वपूर्ण भूमिका स्थानीय सञ्चार माध्यमले खेल्न सक्छन् । लामो समयदेखि समुदायका बारेमा रिपोर्टिङ गरिरहेका रिपोर्टरले छलफलका लागि मञ्च बनाइदिन सक्छन्, पुनर्निर्माणका क्रममा समुदायको दृष्टिकोण सुनाइदिन सक्छन् ।

## सहायता दिने संस्थाले विपत्मा सञ्चार माध्यमको भूमिकालाई कतिसम्म स्वीकार गरेका छन् ?

मानवीय सहायता प्रदान गर्ने समुदाय र स्थानीय मानिसका बीचमा प्रभावकारी सञ्चार स्थापित गर्नका लागि प्रचार अभियानले उति राम्रो काम गर्दैन । यो काम स्थानीय बासिन्दाले विश्वास गरेका स्थानीय सञ्चार माध्यममार्फत राम्रोसँग गर्न सकिन्छ ।

स्थानीय सञ्चार माध्यमलाई सहयोग गरेका खण्डमा आपतकालमा सहायता पु-याउन कति अप्ठ्यारो हुन्छ भन्नेबारेमा रिपोर्टरले थाहा पाउँछन् । यसो गर्दा मानवीय सहायता दिने संस्था र सञ्चार माध्यमका बीचमा बढी रचनात्मक सम्बन्ध गाँसिन्छ । स्थानीय रिपोर्टरले समुदायलाई त्यस्ता जानकारी दिन सक्छन् जसका आधारमा समुदायले सहायताको अधिकतम उपयोग गर्न सक्छन् । रिपोर्टरले सहायता सम्बन्धी समस्याका बारेमा आलोचनात्मक रिपोर्टिङ मात्रै होइन रचनात्मक सार्वजनिक बहस चलाउन पाउँछन् ।
स्थानीय सञ्चार माध्यमले मानवीय विपत्तिलाई ठूलो मात्रामा प्रभाव पार्न सक्ने खालका निम्न

बमोजिमका भूमिका खेल्न सक्छन्ः

१. विपत्ति आइलाग्नु भन्दा पहिले अथवा विपत्ति आइसकेपछि, सञ्चार माध्यमले मानिसलाई कस्तो विपत्ति आउँदैछ, यसबाट बच्न के कुरा थाहा पाउनुपर्छ र यस्ता बेलामा कसले सहायता गर्न सक्छ भन्नेबारेमा बताइदिन सक्छन् ।

२. स्थानीय सञ्चार माध्यमले विश्वसनीय सूचना दिंदा उद्धार गर्ने सरकारी संस्था र मानवीय सहायता प्रदान गर्ने संस्थाले धेरै मानिसलाई चाँडै उद्धार गर्न र सहायता पुऱ्याउन सक्छन् ।

३. स्थानीय सञ्चार माध्यमले स्थानीय समुदायलाई विपत् सम्बन्धी आफूसँग भएका जानकारी, अनुभव र आफ्ना चासोका कुरा बताउने अवसर दिन्छन् ।



# सञ्चारमाध्यमः मानवीय सहायता प्रदान गर्ने एउटा उपाय

सञ्चार माध्यमले आफ्नो देशमा परिआएको विपत्तिको राम्रोसँग कभरेज गर्न सकेन भने के समस्या आउँछ भन्ने कुरा पाकिस्तानमा केही पहिले आएको मानवीय विपत्तिका बेला स्पष्ट देखियो । त्यहाँका दुईवटा विपत्तिमा स्थानीय सञ्चार माध्यमले विपत् दृष्टिले रिपोर्टिङ गर्न नसकेकाले त्यो अभाव पूरा गर्न विशेष परियोजना सञ्चालन गरिए । तिनले मान्छेको ज्यान जोगाउन सक्ने सूचना प्रसार गरे र सञ्चार माध्यम महत्वपूर्ण साधन भएको प्रमाणित गरे ।


सन् २००५ मा पाकिस्तानमा आएको भुइँचालोमा परेर धेरै पत्रकार मारिए, बेपत्ता भए । समाचारपत्रका कार्यालय, प्रसारक संस्था र प्रेस क्लब भत्किए । यसले गर्दा स्थानीय र राष्ट्रिय सञ्चार माध्यमले यस विपत्का बारेमा जसरी कभर गर्नुपर्थ्यो त्यसरी कभर गर्न सकेनन् । उनीहरूले मानवीय सहायताका बारेमा पीडितलाई जानकारी दिन सकेनन् । भुइँचालोको प्रकृति र त्यसको भयानकता अनि राहत सम्बन्धी काममा भएका प्रगतिका बारेमा नागरिक र नीति निर्मातालाई जानकारी दिन सकेनन् ।

पूर्वाधारमा क्षति पुग्नु र जनशक्ति मारिनु/बेपत्ता हुनु बाहेक सञ्चार माध्यमले अरू चुनौतीको पनि सामना गर्नुपरेको थियो । सबैभन्दा ठूलो चुनौती थियो – विपत्तिका विषयमा रिपोर्टिङ गर्न चाहिने विशेष सीप नहुनु र भूकम्पबाट पीडित मानिसलाई अपर्भmट चाहिएका धेरै थरीका सूचना तयार गर्न सरकार र मानवीय सहायता दिने संस्था समर्थ नहुनु ।

राहत दिने संस्था खासगरी मुख्य अन्तर्राष्ट्रिय संस्था र राष्ट्रसंघसँग विपत्ति सम्बन्धी देखिजानेको सूचना थियो । तर विपत्ति आउने बित्तिकैका केही दिनसम्म यस्ता सूचना सञ्चार माध्यमलाई दिन उनीहरूलाई अप्ठ्यारो भयो । मानवीय सहायता संस्था राहत र औषधोपचार सेवा लिएर ठाउँठाउँमा जाँदा उनीहरूले भूकम्पले कति क्षति गरेछ भन्ने जस्ता कुरा थाहा पाएका थिए ।

यस्ता सूचना सञ्चार माध्यममा दिएको भए आपतकालीन प्रतिक्रिया लगायतका विषयमा संसारले थाहा पाउँथ्यो । यसो हुन नसक्नु लज्जाजनक कुरा हो ।

भुइँचालो गएपछि सूचना प्रसार गर्न जब्ज-ए-तमिर (पुनर्निर्माणको जोस) नामक नयाँ सामुदायिक रेडियो कार्यक्रम सुरू गरियो । यो कार्यक्रम स्वतन्त्र, विश्वसनीय र उपयोगी जानकारीको मुख्य स्रोत बन्यो । दैनिक एक घण्टाको यस कार्यक्रमले राहत सम्बन्धी कामको जानकारी दियो । यस्तैगरी, पीडित समुदाय, मानवीय सहायता गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायका साथै सरकारी अधिकारीको विचार पनि यसले प्रसार गर्‍यो ।




- पत्रपत्रिका भेला गर्नुस् र तिनका पाना पल्टाउनुस् ।
- पत्रपत्रिकामा आएका विपत् रिपोर्टिङ भन्न लायकका स्टोरीको सूची बनाउनुस् र तलका प्रश्न आफैंलाई सोध्नुस् ।
- कस्ता विषयका बारेमा रिपोर्टिङ गरिएको छः वास, खानेपानी, खानेकुरा, सुरक्षा ?
- रिपोर्टरले कस्का कुरा राखेको छ र कस्ता स्रोत (सरकारी ? गैरसरकारी संस्था ? विपत्ति भोगेका मानिस ?) बाट जानकारी लिएको छ भनी नोट गर्नुस् ।
- के हुँदैछ र किन भन्ने कुरा स्टोरीमा स्पष्टसँग खुलाइएको छ ?
- समस्याको समाधान पनि देखाइएको छ ?
- यी आर्टिकल विपत्ति भोगेका मानिसलाई काम लाग्लान् ?
- मैले रिपोर्टिङ गरेको भए कसरी गर्ने थिएँ ?

**यस अभ्यासको पाठ**

आफूले सामग्री तयार गर्न लागेका विषयमा प्रकाशित भइसकेका सामग्री पढ्नुपर्छ । जे जे भेटिन्छ सबै पढ्नुपर्छ ।

सन् २००९ मा भएको ख्याबेर पाख्तुन्ख्वा मानवीय विपत्तिका बेलामा स्वेट उपत्यका फर्कन लागेका मानिसले मानवीय सूचना परियोजनाले उत्पादन गरेका रेडियो कार्यक्रम सुनेर मानवीय सहायताका सम्बन्धमा थाहा पाए । "लारा डर कोर" र "साबाओन" जस्ता कार्यक्रमले सरकार र सहायता संस्थाले प्रदान गरेको सहयोग सम्बन्धी जरुरी जानकारी प्रसार गरे । यस परियोजनाको एउटा लक्ष्य थियो – स्थानीय मानिसका विचारलाई स्थान दिनु र पीडित समुदाय अनि मानवीय सहायता संस्थाका बीचमा संवाद बढाउनु । स्थानीय सरकारी अधिकारी र स्थानीय गैरसकारी संस्थाले पनि कार्यक्रमले उठाएका विषयमा प्रतिक्रिया दिए जसले गर्दा सहायता अझ बढी प्रभावकारी भयो ।

साबाओन कार्यक्रमका श्रोताले यस कार्यक्रमलाई सूचनाको अत्यन्त उपयोगी स्रोतका रूपमा लिए । यस कार्यक्रममा कल इन खण्ड पनि राखिएको थियो जसमा स्थानीय आवाज समेटिएको थियो । कार्यक्रममा फोन गर्नेहरूले सहायता प्रदान गर्ने काममा भएका कमीकमजोरी लगायतका धेरै विषय उठाउने गर्थे । उनीहरूले सरकारी संयन्त्रको काम गराइ ढिलो भएको र दुर्गम ठाउँमा मानवीय सहयोग संस्थाको सहायता नपुगेको लगायतका कुरा उठाएका थिए ।

घर फर्किन नसकेका मानिसहरूले मानवीय सहायता सम्बन्धी प्रयासका बारेमा "माराम" नामक रेडियो कार्यक्रममार्फत थाहा पाए । यो कार्यक्रम हप्ताको दुई पटक प्रसार गरिएको थियो । यसले वास, खानेकुरा, स्वास्थ्य, शिक्षा, सुरक्षा, खानेपानी र सरसफाइ जस्ता विषय समेटेको थियो ।

पेसावर र चार्सड्डामा रहेका टिमका रिपोर्टरहरु स्टोरी, आइडिया र जानकारी संकलन गर्न विभिन्न क्याम्पमा जान्थे । त्यहाँ आश्रय प्रदान गर्ने परिवारलाई भेट्थे र सरकारी अधिकारी र मानवीय सहायता दिने संस्थाका प्रतिनिधिसँग कुराकानी गर्थे ।



# विपत् रिपोर्टिङः आधारभूत कुरा

उहिल्यैदेखि के भन्दै आइएको छ भने सञ्चार माध्यम खासगरी सामुदायिक सञ्चार माध्यमको काम आम मानिसलाई सूचना र शिक्षा दिनु, मानिसलाई जीवनयापनका लागि उपयोगी हुने सूचना दिनु हो । विपत्का बेलामा पनि यही कुरा लागू हुन्छ । त्यति बेला यो कुरा अझ बढी महत्वपूर्ण र जरूरी हुन्छ किनभने यति बेला सही र उपयोगी सूचनाले मानिसको ज्यान जोगाउन सक्छ ।

मानवीय विपत्तिका बारेमा रिपोर्टिङ गर्दा आइपर्ने एउटा समस्या के हो भने अधिकांश रिपोर्टरलाई त्यस्ता जटिल विषयका पृष्ठभूमि, इतिहास र अन्तरसम्बन्धका बारेमा थाहा हुँदैन । फलस्वरूप, धेरै पत्रकारले बढी महत्वपूर्ण र जरूरी विषय र स्टोरी छाडिदिन्छन् । मानवीय विपत्तिका बेलामा पत्रकारले हतारमा काम गर्नुपर्छ, थोरै समयमा धेरै स्टोरी लेख्नुपर्छ ।



यस्तो दबाब भए पनि पत्रकारले पत्रकारिताका आधारभूत नियमको पालना गर्नुपर्छः

**सदा झैं पाँच डब्लु र एचको नियम पालना गर्नुपर्छः**

१. के भयो, हाल के हुँदैछ ?
२. घटना/समस्या कहाँ भइरहेको छ ?
३. यसको असर कसलाई परेको छ र यससँग सम्बन्धित मुख्य निकाय को हो ?
४. यो अवस्था कहिले उत्पन्न भएको हो ?
५. यस्तो अवस्था किन आयो ?
६. यस्तो अवस्था कसरी आयो ?
७. समस्यासँग जुध्न पीडित मानिस र सम्बन्धित निकाय के गर्दैछन् ?

**अरु बेला जस्तै विपत्तिका बेला पनि स्टोरीमा निम्न विशेषता हुनुपर्छः**

- सही
- सन्तुलित
- ठोस अनुसन्धानमा आधारित
- भरपर्दा स्रोतमा आधारित
- स्तरीय र वर्णनात्मक लेखन

**मानवीय विपत्तिका बेला गरिने रिपोर्टिङ्का केही विषयः**

क. महिलाको स्वास्थ्य र सुरक्षा
ख. बालबालिकाको स्वास्थ्य र सुरक्षा
ग. जनजीविका
घ. वातावरण
ङ. स्वास्थ्य
च. खानेपानी र सरसफाइ
छ. वास
ज. खानेकुरा
झ. सुरक्षा
ञ. शिक्षा




1. UNICEF PSA protec... 0:37
2. Equal access 3 final 0:34
3. Morning into 0:21
4. Jay Devi Dugra (Mal... 4:51
5. Urmila Pandey - Jai ... 7:44
VT-9007
LINE-1
HOOK
LINE-2
HOOK

# कस्तो सूचना चाहिएको छः अडियन्सका आवश्यकता थाहा पाउने

मानिसलाई के कुरा जान्नुपरेको छ भनी थाहा पाउनु मानवीय विपत्तिका बेला रिपोर्टिङ गर्दाको सबैभन्दा ठूलो चुनौती हो । अडियन्स को हुन् ? उनीहरूलाई कुन जानकारी तुरुन्तै चाहिएको छ ? कस्तो सूचनाले उनीहरूलाई आफ्ना आवश्यकता पूरा गर्न सहयोग गर्छ ?

विपत्ति सम्बन्धी रिपोर्टिङलाई उपयोगी बनाउन रिपोर्टरले विपत्तिको तत्कालको अवस्थाबारेमा थाहा पाउनुपर्छ र मानिसलाई कस्ता जानकारी चाहिएका छन् ती दिनुपर्छ । कस्तो जानकारी सबैभन्दा जरूरी छ भन्ने कुरा कसरी थाहा पाउने ? यस्तो जानकारी कहाँ पाइन्छ ?

आफ्ना अडियन्सलाई कस्तो जानकारी चाहिएको छ भन्ने कुरा उनीहरु विपत्ति आइलागेको ठाउँको कति नजिक/टाढा बसेका छन् भन्नेमा निर्भर हुन्छ । रिपोर्टर विपत्ति आइलागेको ठाउँमै बसेको छ भने उसले पनि विपत्ति भोगेको हुन्छ । आफ्ना अडियन्सलाई कस्तो जानकारी चाहिएको छ भन्ने कुरा उसले आफ्नै अनुभवका आधारमा भन्न सक्ला ।

### पहिलो चरणः विपत्ति आउँदै गर्दा अडियन्सलाई चाहिने सूचना

विपत्तिमा परेका मानिसलाई कसरी सुरक्षित हुने भन्ने जानकारी तत्काल चाहिन्छ । यति बेला उनीहरूलाई सहयोग गर्न बाहिरका मानिस आइपुग्दैनन् । आफूलाई सहयोग गर्ने काम आफैंले गर्नुपर्ने हुन्छ । यस्ता बेलामा उनीहरूलाई यी जानकारी चाहिन्छन्ः

- के भइरहेको हो ?
- यो विपत्ति कति व्यापक रूपमा फैलेको छ ?
- विपत्ति आउनुका कारण के हुन् ?

- यसले कसकसलाई जोखिममा पारेको छ ?
- यति बेलामा मैले कहाँबाट सहयोग पाउन सक्छु ?
- कस्तो सहयोग पाउन सकिन्छ ?
- सहयोग कसले गरिरहेको छ ?
- यस्ता बेलामा हिंडडुल गर्न हुन्छ ?
- यो विपत्ति कतिन्जेल रहिरहन्छ ?
- थप जानकारी कहाँ पाउन सकिन्छ ?

**दोस्रो चरणः बाहिरी सहयोग आएका बेलामा विपत्तिमा परेका मानिसलाई चाहिने जानकारी**

विपत्ति आइलाग्ने बित्तिकै गाउँटोलका नेता, अस्पताल, अन्य निकाय अथवा व्यक्तिले आफू वरपरका मानिसलाई सहयोग गर्छन् । यसले गर्दा विपत्ति आएको केही दिनमा विपत्तिमा परेका मानिस अलि बढी व्यवस्थित हुन्छन । यति बेला बाह्य सहयोग प्राप्त हुन सक्छ । विपत्ति भएको क्षेत्रभन्दा बाहिर रहेका सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय संस्थाले तत्काल चाहिने मद्दत गर्न सक्छन् । अन्तर्राष्ट्रिय मानवीय सहायता विपत्तिमा परेका आम मानिससम्म पूर्ण रूपमा पुग्न सामान्यतया कम्तीमा १० दिन लाग्छ । नेपाल जस्तो कठिन भौगोलिक अवस्था भएका ठाउँमा अझ बढी समय लाग्न सक्छ । बाढी र पहिरो आएर अनि भुइँचालो गएर बाटो बिग्रेको छ भने गाडीबाट सहायता पुऱ्याउन बढी समय लाग्छ । मौसम खराब भएका खण्डमा हवाई मार्गबाट पनि बाह्य सहायता पुग्न ढिलो हुनसक्छ । यति बेलामा विपत्तिमा परेका मानिसलाई कस्तो विपत्ति आइलागेछ, थप कस्तो विपत्ति आइलाग्छ जस्ता विषयका ताजा जानकारी मात्र दिएर पुग्दैन, उनीहरूलाई मद्दत गर्न भइरहेका प्रयासका बारेमा पनि जानकारी दिनुपर्छ । यति बेला उनीहरूलाई निम्न जानकारी चाहिन्छन्ः

- घर फर्किए हुन्छ ?
- हुँदैन भने कहाँ जाने ?
- खानेकुरा, पानी र औषधोपचार कहाँ पाइन्छ – कति बेला, कुन ठाउँमा ?
- मैले सहायता पाउँछु ? सहायता लिनका लागि नाम कहाँ दर्ता गराउनुपर्छ ?
- घुमफिर गर्न मिल्छ ?
- फोन/इन्टरनेट जस्ता सेवा चालू छन् कि छैनन् ? कुन कम्पनीको कुन सेवा चालू छ ?

- मृतकको अन्तिम संस्कार कसरी गर्ने ?
- रोग/घाउ लागेमा के गर्ने भन्ने आधारभूत जानकारी
- रोग रोकथामका लागि स्वास्थ्य र सरसफाइ सम्बन्धी जानकारी
- घरपरिवारका अरु मानिसको खोजी कसरी गर्ने ?
- सहायता कसले दिइरहेको छ (नाम, त्यसको झन्डा र लोगो कस्तो छ ? त्यो संस्थालाई कसरी चिन्ने ?)
- देशका अरु भागमा के भइरहेको छ ?
- सरकार के गर्दैछ ?

## तेस्रो चरणः तङ्ग्रिने र पुनर्निर्माण गर्ने बेलामा चाहिने जानकारी

विपत्ति आइलागेको केही हप्ता अथवा केही महिनापछि रिपोर्टरले विपत्ति भोगेका मानिसलाई चाहिने जानकारीलाई प्राथमिकता दिएर रिपोर्टिङ गर्नुपर्छ किनभने विपत्ति भोगेका मानिसको जीवन सामान्य बन्नका लागि धेरै समय लाग्छ । यति बेला उनीहरूको ध्यान केटाकेटीलाई स्कूल कसरी पठाउने, मानसिक आघात कसरी घटाउने, हराएका कागजात कसरी बनाउने, आफ्नो घर र जग्गाको स्वामित्व कसरी लिने अनि खेतीपाती कसरी गर्ने/व्यवसाय कसरी थाल्ने जस्ता दीर्घकालीन विषयतिर जान्छ । उनीहरूलाई घर र स्कूलको पुनर्निर्माण, आधारभूत सेवा, सुरक्षा व्यवस्था र विपत्तिमा परेका मानिसका जीविकाका लागि चाहिने अन्य विषयमा कस्ता मानवीय सहायता उपलब्ध छन् भन्ने जानकारी चाहिन्छ ।

## रिपोर्टिङः विपत्ति परेका ठाउँबाट बाह्य जगत्सम्म जानकारी पुऱ्याउनु

विपत्ति आइलागेका समुदायमा बस्ने पत्रकारले अरु पत्रकार अथवा राष्ट्रिय अनि अन्तर्राष्ट्रिय सञ्चार माध्यमलाई जानकारी दिएर पनि समुदायलाई ठूलो सेवा पुऱ्याउन सक्छन् । विपत्ति आइलागेका ठाउँभन्दा टाढा रहेका सञ्चार माध्यमले यस्तो विपत्ति नभोगेका आफ्ना अडियन्सलाई विपत्तिको अवस्थाका बारेमा बुझाउन स्थानीय पत्रकारको सहयोग लिन्छन् । ती सञ्चार माध्यमलाई विपत्तिमा परेका मानिसलाई सहयोग गर्न सक्ने/गर्नुपर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय/संघसंस्थासम्म विपत्ति सम्बन्धी सही जानकारी पुऱ्याउन सक्ने बनाउन पनि स्थानीय पत्रकारको ठूलो योगदान हुन्छ ।

## सोझो असर नपरेका अडियन्सका लागि रिपोर्टिङ

देशको एउटा भागमा आएको मानवीय विपत्तिका बारेमा त्यस्तो विपत्ति नभोगेका देशको/संसारको अर्को भागका अडियन्सलाई कस्तो विपत्ति आइलागेको छ र यसले मानिसलाई कसरी, कस्तो असर पारेको छ भन्ने थाहा हुँदैन । त्यसैले उनीहरूका लागि रिपोर्टिङ गर्दा विपत्ति सम्बन्धी निम्न जानकारी दिनुपर्छः कसलाई असर परेको छ ? कहाँका मानिसलाई असर परेको छ ? यस्तो विपत्ति पहिले कहिले आएको थियो ? यस विपत्तिसँग जुध्ने निकाय कुन हो ? यस स्टोरीलाई नीतिगत अथवा राजनीतिक दृष्टिकोणले हेर्न सकिन्छ ?

विपत्तिबाट सोझो असर नपरेका अडियन्सलाई पनि कस्तो विपत्ति आइलाग्यो, यो विपत्तिलाई मानिसले कसरी झेल्दै छन्, उनीहरूलाई के कुरा चाहिएको छ जस्ता कुरा जान्न मन लाग्छ । खासगरी विपत्ति चरम सीमामा पुगेका बेलामा । खानेकुरा कहाँ पाइन्छ भन्ने कुरा विपत्ति भोग्नु नपरेका अडियन्सलाई चाहिंदैन तर विपत्ति आइलागेका मानिसलाई खानेकुरा चाहिन्छ भन्ने कुरा उनीहरूलाई थाहा हुन्छ । सरकार अथवा सहायता संस्थाले खानेकुरा उपलब्ध गराउने बाचा गरेको छ भने यस्तो खानेकुरा विपत्तिग्रस्त ठाउँमा पुग्यो कि पुगेन भन्ने विषयमा संकट नभोगेका ठाउँका मानिसलाई पनि बताइदिनुपर्छ । यसो गर्दा उनीहरूले खानेकुरा उपलब्ध गराउने जिम्मेवारी भएका संस्थालाई खानेकुरा तुरून्तै पुऱ्याइदिन दबाब दिन सक्छन् । नीति निर्माता र मानवीय सहायता संस्था पनि हाम्रा अडियन्स भएकाले हामीले खेल्ने "वाचडग" को भूमिका पनि महत्वपूर्ण हुन्छ ।

## अभ्यास २

आफ्ना अडियन्सलाई उपयोगी र जरूरी जानकारी दिनका लागि सबैभन्दा पहिले कस्तो विपत्ति आएको हो सो थाहा पाउनुपर्छ ।

मानवीय विपत्तिका बारेमा रिपोर्टिङ गर्दा के समस्या पर्छ भने हामीले थोरै समयमा धेरै ठाउँका जानकारी दिन सक्नुपर्छ । यसो गर्नका लागि रिपोर्टर व्यवस्थित हुनुपर्छ र उसले गतिलो योजना बनाएको हुनुपर्छ ।

यसका लागि यी काम गर्नुपर्छः

१. **अनसुन्धान** – यसअघि प्रकाशित भइसकेका यस विषयसँग सम्बन्धित सबै कुरा पढ्ने ।
२. **सम्पर्क** – सरकारी र मानवीय सहायता पुऱ्याउने संस्थाका मानिस र स्थानीय तहका स्टोरीका लागि सम्पर्क गर्न सकिने व्यक्तिको सूची बनाउने ।
३. **सूचनाको जाँच** – उपलब्ध सूचना सही हुन् कि होइनन् भनी जाँच्ने । कुन सत्य हो र कुन हल्ला हो पत्ता लगाउने ।
४. **देखिजान्ने/भोगिजान्नेबाट जानकारी लिने** – विपत्ति आइलागेका ठाउँका मानिसलाई फोन गर्ने र उनीहरूबाट यी जानकारी लिनेः घटनाका बारेमा उनीहरूलाई के कुरा थाहा छ ? विपत्ति परेका ठाउँमा फोन भएका तपाईंका आफन्त वा साथीहरु कोही छन् ?

यस्ता मानिसको नाम र फोन नम्बर पाइएमा उनीहरूलाई फोन गरेर कस्तो विपत्ति आएको हो पत्ता लगाउने । त्यसरी पाइएका जानकारीलाई सरकारी, अस्पताल तथा सहायता संस्थाका जानकारीसँग तुलना गरी हेर्ने ।

५. **व्यवस्थित हुने** – आफूले भेला गरेका जानकारी र अन्तर्वार्तालाई व्यवस्थित गर्ने । यी जानकारीलाई कुन क्रममा राख्दा सबैभन्दा बढी प्रभावकारी हुन्छ भनी विचार गर्ने ।
६. **आफैंलाई सोध्ने** – आफ्ना अडियन्सलाई यस विपत्तिले कसरी असर पारेको छ ? यसका बारेमा बुझ्न र यसतिर ध्यान दिन उनीहरूले के कुरा थाहा पाउनुपर्छ ?

यी प्रश्नका सकेसम्म बढी उत्तर स्टोरीमा दिने कोसिस गर्नुपर्छ । यी आफ्ना अडियन्सका लागि सबैभन्दा बढी जरूरी जानकारी हुन् । रिपोर्टरको मुख्य जिम्मेवारी यी जानकारी आफ्ना अडियन्सलाई दिनु हो । स्टोरीमा दिइएका जानकारी अडियन्सका लागि उपयोगी हुनुपर्छ ।

### आफूले स्टोरी गर्न लागेका विषयमा यी कुरा खोज्नुपर्छः

| अडियन्स | स्थानीय/विपत्ति भोगेका | अन्तका/विपत्ति सोझै नभोगेका |
|---|---|---|
| जरूरी जानकारी<br>आफ्ना अडियन्सले नजानी नहुने कुरा के हो ? | | |

### यस अभ्यासको पाठ

आफ्ना अडियन्सलाई के कुरा बताउनुपर्छ र आफ्नो स्टोरीबाट उनीहरूले के सिकुन् भन्ने कुरा रिपोर्टरलाई स्पष्टसँग थाहा हुनुपर्छ ।


AVAILABLE HERE

# पुनर्निर्माण र तयारी

मानवीय विपत्तिको रिपोर्टिङको काम अधिकांश पत्रकारका लागि नयाँ हो । त्यसैले, सबैभन्दा पहिले विपत्तिका बारेमा अनुसन्धान गर्नुपर्छ । मानवीय विपत्ति जटिल हुनाले यसका बारेमा बताउनका लागि रिपोर्टरले यस सम्बन्धी आधारभूत ज्ञान हासिल गर्नुपर्छ । यस्तो ज्ञान पाउन निम्न काम गर्नुपर्छः

१. गुगल/छापा माध्यम र सामाजिक सञ्जालमा अनुसन्धानः बितेका केही हप्ता प्रकाशित सामग्रीको खोजी ।
२. आफूले छानेको विषयको परिभाषाः आफूले छानेको विषयको सही र विस्तृत परिभाषा । यस



विषयका बारेमा जति सक्यो त्यति धेरै पढ्नुपर्छ जसले गर्दा यसका बारेमा अरूले बुझ्ने गरी बताउन सकिन्छ ।

३. विपत्तिमा ठूलो मारमा परेका मानिस र सहायताका काममा संलग्न मुख्य पक्षको पहिचानः केन्द्र सरकार, स्थानीय स्तरका सरकारी निकाय, स्थानीय नागरिक समाज र गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय संस्था, राष्ट्रसंघीय निकायको भूमिका र कार्यक्षेत्रका बारेमा थाहा पाउने ।

४. स्थानीय विज्ञ, विपत्ति र त्यससँग सम्बन्धित काममा लागेका र अन्य उपयोगी मानिसः उनीहरूसँग कुरा गरेर के हुँदैछ भन्नेबारेमा थाहा पाउने । यससँग सम्बन्धित स्थानीय र बाहिरका उपयोगी व्यक्ति को हुन् भनी पत्ता लगाउने । उनीहरूसँग अनौपचारिक सम्बन्ध राख्ने (यति बेला उनीहरूसँग कुराकानी गरिहाल्नुपर्छ भन्ने छैन) र यस क्षेत्रमा नयाँ संस्था वा मानिस आएका छन् कि पत्ता लगाउने । अल्छी नहुने, सूचनाका स्रोत बढाउँदै लाने ।

५. फिल्ड भिजिटः सामान्य अनुसन्धानपछि विपत्ति भएको ठाउँमा गएर कस्तो विपत्ति आइलागेको छ भनी हेर्ने । घुम्ने, के देखियो सो कुराको विस्तृत विवरण टिप्ने, स्थानीय मानिससँग कुरा गर्ने र उनीहरूका अनुभव टिप्ने ।

६. सम्भावित सबै स्टोरीको सूची बनाउनेः आफूले जानेका र आफूले कुरा गरेका मानिसले बताएका जानकारीका आधारमा सम्भावित सबै स्टोरीको सूची बनाउने ।

७. प्रस्तुतिः सम्पादकसँग छलफल गरेर के काम गर्ने भनी यकिन गर्ने ।

८. स्टोरी अघि बढाउनेः डेस्कमा फर्केर थप जानकारी लिनुपर्ने भएमा आफ्ना स्रोतलाई फोन गर्ने । आफूले भेला गरेका तथ्यतथ्यांक सही छन् कि छैनन् भनी जाँच्ने ।




ADIO
SINDHU
105MHz

# चिन्तन मनन, विश्लेषण र स्टोरीको ढाँचा निर्माण

मानवीय विपत्ति एकदमै जटिल हुन्छन् । यिनलाई राम्रोसँग विश्लेषण गर्नुपर्छ । धेरै पत्रकारहरु प्रेस रिलिज र अन्य सरकारी स्रोतबाट प्राप्त तथ्यतथ्यांकका आधारमा मात्रै स्टोरी बनाउँछन् । यसो गर्दा उनीहरुले महत्वपूर्ण विषय उठाउन र थप जानकारी लिन सक्दैनन् ।

डिजास्टर कम्युनिकेसनः ए रिसोर्स किट फर मिडिया[1]का अनुसार मानवीय विपत्तिलाई प्रायशः सतही दृष्टिकोणले मात्र रिपोर्टिङ गर्ने गरिन्छ जसले गर्दा महत्वपूर्ण विषयका धेरै जानकारी छुट्छन् । यसो भएपछि आम मानिस सुसूचित हुन पाउँदैनन् । यस रिसोर्स किटले रिपोर्टरलाई मानवीय विपत्तिलाई गहनतापूर्वक हेर्ने नयाँ दृष्टिकोण प्रदान गरेको छ ।

| चलनचल्तीको दृष्टिकोण | नयाँ दृष्टिकोण |
|---|---|
| विपत्ति/द्वन्द्वलाई समाजका अरु कुरासँग सम्बन्ध नरहेको विषयका रुपमा लिइन्छ । | विपत्ति/द्वन्द्वलाई विकासको सामान्य प्रक्रियाको अंगका रुपमा लिइन्छ । |
| अरु बेलाका सामाजिक अवस्थासँग यसको सम्बन्धका बारेमा उति विश्लेषण गरिँदैन । | विपत्ति/द्वन्द्वका बारेमा बुझ्नका लागि अरु बेलाका सामाजिक अवस्थासँग यसको सम्बन्धको विश्लेषण नगरी हुँदैन । |
| प्राविधिक/कानुन र शान्तिसुरक्षा जस्ता कुरामा बढी जोड दिइन्छ । | समाजको संरचना र सामाजिक सम्बन्ध फेर्ने खालको समाधानमा जोड दिइन्छ । यसको उद्देश्य मानिसमा आइपर्ने जोखिम घटाउनु र उनीहरुको क्षमता बढाउनु हो । |

[1] Bhatti, A. & Ariyabandu, M. M. (2002). Disaster Communication: A Resource Kit for Media. Colombo, Sri Lanka: Duryog Nivaran. [A publication supported by Practical Action]

| चलनचल्तीको दृष्टिकोण | नयाँ दृष्टिकोण |
|---|---|
| विपत्तिसँग जुध्ने रणनीति तयार गर्ने बेलामा केन्द्रीय संस्थाको बोलाबालामा जोड दिइन्छ । विपत्ति भोगेका मानिसको सहभागिता कम हुन्छ । उनीहरूलाई केही गर्न नसक्ने "असहाय" का रूपमा लिइन्छ । | विपत्तिसँग जुध्ने रणनीति तयार गर्दा जनताको सहभागितालाई महत्वपूर्ण मानिन्छ । उनीहरूलाई विकासका "साझेदार" का रूपमा लिइन्छ । |
| कार्यान्वयन गर्ने निकाय कम उत्तरदायी र कम पारदर्शी हुन्छन् । | कार्यान्वयन गर्ने निकायको उत्तरदायित्व र पारदर्शितामा जोड दिइन्छ । |
| घटना भइसकेपछि मात्र समाधान खोजिन्छ । | विपत्ति आउनुअघि नै विपत्ति हुन नदिन कोसिस गरिन्छ । |
| विपत्ति आउनुअघिको अवस्थामा फर्कने कुरामा जोड दिइन्छ । | विपत्ति/द्वन्द्वलाई समाज रूपान्तरण गर्ने अवसरका रूपमा लिइन्छ । |



## अभ्यास ३

एउटै विषयका बारेमा लेखिएका तलका दुईवटा समाचार पढ्नुस् । माथिको तालिकाका आधारमा कुन समाचारले कसलाई कुन रूपमा प्रस्तुत गरेका छन् भनी विश्लेषण गर्नुस् ।

**पहिलो समाचार**

आपतकालीन उद्धार एकाइका अनुसार, पाकिस्तानको पन्जाबका तीनवटा जिल्लामा यो हप्ता बाढी आयो । बाढीबाट २,००० परिवार बेघरबार भएको र ४९,००० मानिसलाई बाढीबाट असर परेको कुरा सो एकाइले बताएको छ । कम्तीमा चार जनाको मृत्यु भएको खबर आएको छ । सरकारले ४० लाख रूपैयाँ तत्कालीन सहायताका लागि विनियोजन गरेको छ । यो बितेका दशकमा आएको सबैभन्दा ठूलो बाढी हो ।

"मानिसहरू सामान्यभन्दा बढी पानी परेकाले बाढी आएको ठान्छन् तर त्यसो होइन," आपतकालीन उद्धार एकाइका अदनान अलीले डेली न्युजलाई बताए । "नहरमा बालुवा भरिएकाले त्यहाँ पानी बढ्दा बाढी आयो र गहिरा ठाउँमा पनि बाढी आयो ।"

"हामीले देख्ने गरी बढेको त छैन तर (शहरी क्षेत्रका) धेरै गहिरा भागमा बाढी आएको छ ।" उनले डेली न्युजलाई के बताए भने गाउँमा पानी जम्ने पोखरीमा पनि बालुवा भरिएकाले त्यहाँ थोरै मात्र पानी अडिन्छ । "यसरी जम्ने ठाउँ कहीं नभएपछि वर्षाको पानी जता सक्यो उतै बग्यो ।"

सिंचाइ विज्ञहरूका अनुसार उपयुक्त योजना नहुनु बाढी आउनुको एउटा मुख्य कारण हो । "बाढी बारम्बार आउनाले हामीले धेरै क्षति बेहोर्नुपरेको छ," सिंचाइ विभागका वरिष्ठ उपनिर्देशक सफ्दर खानले डेली न्युजलाई बताए । आपतकालीन उद्धार एकाइले भेला गरेका आँकडाका अनुसार सन् २००७ मा बाढीले ४८८,००० मानिसलाई असर पारेको थियो, २० जना मानिस मरेका थिए र ९,८०० घरमा क्षति पुगेको थियो ।

सो एकाइका अनुसार सन् २००७ मा उद्धार र पुनर्निर्माणका काममा रू. १५ करोड ९० लाखभन्दा

बढी रकम खर्च भएको थियो । "बाढीबाट जोगिने सही उपाय अपनाइएको भए हामीले यो पैसा विकासका काममा खर्च गर्न पाउँथ्यौं," सफ्दरले भने । उनले भने, शहरमा परेको पानी बग्ने उपयुक्त ढल बनाउनुपर्छ । माथिल्लो भेगमा पानी जमाउने व्यवस्था गर्न सक्यो भने बर्खामा ठूलो पानी पर्दा डुबान हुने तल्लो भेगमा बाढीको असर कम गर्न सकिन्छ ।

"हामीलाई बाढी किन आयो भन्ने कुरा थाहा छ, यसलाई कसरी रोक्ने भन्ने कुरा पनि थाहा छ तर बाढी रोक्ने योजना लागू गर्ने चाहना छैन," उनले भने । "मूल सडक बनाउँदा आकाशे भल बग्ने बाटो बन्द गरिदिएकाले यसपालि मेरो घर डुब्यो । योजना नभएकाले (यसो भएको) हो, ठूलो पानी परेकाले होइन ।"

**दोस्रो लेख**

आपतकालीन उद्धार एकाइका निर्देशक अदनान अलीका अनुसार बाढी पीडितलाई सरकारी निकायमार्फत राहत दिने व्यवस्था मिलाइएको छ । जेह्लुम र लाहोर क्षेत्रका १८,०८२ परिवारका ७६,७६० जना मानिस बाढीबाट प्रभावित भएका छन् ।

आपतकालीन उद्धार एकाइले ६३ लाख रूपैयाँ जिल्ला कार्यालयहरूलाई विनियोजन गरिसकेको छ । जेल्हुमका लागि २३ लाख, लाहोरका लागि २० लाख, कसुरका लागि १० लाख र खहरियानका लागि १० लाख रूपैयाँ छुट्याइएको छ ।

जेह्लुम शहरमा ३८९ परिवारका १,३६० जना मानिसमा बाढीको असर परेको छ भने लाहोरमा ६९० परिवारका २,७९० मानिसलाई बाढीले असर गरेको छ ।

कसुरमा २,७५३ परिवारका १०,९७३ जनालाई बाढीको असर परेको छ ।

"बर्खा याममा आएको बाढीबाट १६ वटा घरमा पूर्ण रूपमा र ६८ घरमा आंशिक रूपमा क्षति पुगेको छ । आपतकालीन उद्धार एकाइले बाढीको अनुगमन गरिरहेको छ, यो एकाइ चौबीसै घण्टा काममा खटेको छ । आपतकालीन उद्धारका लागि यो सधैं तयार छ," अदनान अलीले भने ।

उनले सरकारी निकायलाई बाढीग्रस्त गहिरा ठाउँको पानी मेशिन लगाएर भए पनि अन्त पठाउन निर्देशन दिएका छन् ।

लाहोर नगर परिषद्को सञ्चालक समितिले शहरमा खहरे बाढीको अनुगमन गरिरहेको कुरा नाजिम लाहोर अमिर मोहमदले हिजो डेली न्युजलाई बताए । यो समिति विश्वव्यापी जलवायु परिवर्तनको अनुगमन गर्नका लागि बनाइएको थियो, अमिरले बताए । यसको मुख्य उद्देश्य जनधनको क्षति कम गर्नु हो ।

"लाहोर शहरको बाढी घटाएर उसले थाम्न सक्ने मात्रामा पुर्‍याउन ३० करोड जति रूपैयाँ चाहिन्छ," उनले भने ।

**यस अभ्यासबाट सिकेको पाठ**

समस्याको विश्लेषण गर्नुपर्छ । तथ्यतथ्यांक मात्रैमा भर पर्नुहुँदैन । स्टोरीमा मानिसका कथाव्यथा पनि हुनुपर्छ ।





# मानवीय सहायता प्रदान गर्ने संस्था

मानवीय विपत्तिका बेलामा काम गर्ने धेरै संस्था छन् । विपत्का बेलामा एउटै मात्र संस्थाले सहयोग पुऱ्याउन सक्दैन्, धेरै संस्थाले मिलेर काम गर्नुपर्छ । कसैले स्वास्थ्य क्षेत्रमा, कसैले कानुनी क्षेत्रमा, कसैले आर्थिक क्षेत्रमा । विपत्ति भोगेका मानिसका समस्या समाधान गर्ने काममा कुनै सीमा हुँदैन । मानवीय विपत्तिका बेलामा सहयोग गर्ने विभिन्न निकायका बारेमा तल उल्लेख गरिएको छ ।

## सरकार

पत्रकारहरूले के कुरा भुल्नु हुँदैन भने नागरिकको ज्यानको सुरक्षा, पुनर्निर्माण गर्ने दायित्व सरकारको हो । अरू निकायले सहायता प्रदान गर्छन् तर आम मानिसको वर्तमान र भविष्य सरकारमा निर्भर हुन्छ । तर अन्तिम जिम्मेवारी सरकारको हुन्छ भन्दैमा पत्रकारले प्रधानमन्त्रीलाई फोन गरेर जानकारी लिन मिल्दैन । ठूलो सरकारी संयन्त्रमा कसलाई सम्पर्क गर्दा समयमै सही सूचना थाहा पाइन्छ भन्ने कुरा थाहा पाउनुपर्छ । अरू देशमा जस्तै नेपालमा पनि विपत्ति (दैवी प्रकोप) हेर्ने छुट्टै निकाय छ ।

गृह मन्त्रालय अन्तर्गतका निम्न निकाय विपत्सँग सम्बन्धित छन् ।

### विपत् अध्ययन अनुसन्धान शाखा

यसले विपत्सम्बन्धी विषयको अध्ययन तथा खोज, ऐन तथा नियमावली तर्जुमा र परिमार्जन, जोखिमको लेखांकन तथा नक्सांकन लगायतका काम गर्छ ।

### विपत् जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा

यसले दैवी प्रकोपसम्बन्धी नीति तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने, दैवी

प्रकोप उद्धार सम्बन्धमा सरकारी तथा विदेशी संघसंस्थाबीच समन्वय गर्ने, केन्द्रीय दैवी प्रकोप उद्धार समितिको सचिवालयको काम गर्ने, उद्धार कार्य तथा जनचेतना जगाउने, दैवी प्रकोपका घटनाको विश्लेषण गरी अद्यावधिक अभिलेख राख्ने र दैवी प्रकोप पीडितलाई राहत, उद्धार तथा पुनर्स्थापना लगायतका काम गर्छ ।

### विपत् पूर्वतयारी तथा प्रतिकार्य शाखा

यस अन्तर्गत राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र छ । यसले विपत् परेका बेला गरिने कामको केन्द्रीय स्तरको समन्वय गर्छ । विपत्सम्बन्धी तथ्यांक र सूचना वितरणको काम पनि यसले गर्छ ।

हरेक जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति हुन्छ ।

गृह मन्त्रालयले विपत्सम्बन्धी जानकारी दिन http://drrportal.gov.np चलाएको छ ।

### नेपाली सेना/नेपाल प्रहरी/सशस्त्र प्रहरी बल

विपत्ति आइलागेका बेलामा सबैभन्दा पहिले दौडने निकाय यी हुन् । यिनले उद्धार, राहत वितरण, उपचार जस्ता काम गर्छन् । नेपाली सेनाले धेरै पत्रकारलाई हेलिकप्टर चढाएर दुर्गम ठाउँको रिपोर्टिङका काममा सघाएको छ । यस बाहेक नेपाल प्रहरीले भूकम्पबाट भएको क्षतिको जानकारी संकलन गरी सामाजिक सञ्जालमार्फत् प्रकाशन गर्ने काम पनि गरिआएको छ ।

### जलउत्पन्न प्रकोप विभाग

यो विभाग सिंचाइ मन्त्रालय अन्तर्गत छ । यसले जलउत्पन्न प्रकोपसम्बन्धी विभिन्न काम गर्छ ।

### खानी तथा भूगर्भ विभाग

यो विभाग उद्योग मन्त्रालय अन्तर्गत छ । यसले नेपालको भू-वैज्ञानिक अध्ययन एवं अनुसन्धान गर्ने, भू-इन्जिनियरिङ तथा भू-वातावरणीय नक्सा प्रकाशन गर्ने, पूर्वाधार विकास निर्माण एवं

वातावरणीय सुधार तथा दैवी प्रकोप व्यवस्थापनका लागि चाहिने भौगर्भिक तथ्यांक संकलन गर्ने, भूकम्पको निगरानी राख्ने र भूकम्पसम्बन्धी तथ्यांक संकलन गर्ने, भूकम्पबाट हुने प्रकोपको सही मूल्यांकन गर्ने लगायतका काम गर्छ ।

## जल तथा मौसम विज्ञान विभाग

यस विभागले नेपालको जल तथा मौसम सम्बन्धी आंकडा संकलन गर्ने, विश्लेषण गर्ने र मौसमसम्बन्धी जानकारी दिने काम गर्दै आएको छ । जल तथा मौसमसँग सम्बन्धित विपत्ति परेका बेलामा यसका जानकारी धेरै उपयोगी हुन्छन् ।

## स्थानीय निर्वाचित निकाय

जिल्ला विकास समिति, नगरपालिका/गाउँ विकास समिति जस्ता स्थानीय निकाय पनि विपत्तिका बेलामा उद्धार, राहत वितरण र पुनर्स्थापनाका काममा संलग्न हुन्छन् ।

## प्राज्ञिक निकाय

त्रिभूवन विश्वविद्यालय अन्तर्गतको इन्जिनियरिङ अध्ययन संस्थानको विपद अध्ययन केन्द्र, त्रिभूवन विश्वविद्यालय अन्तर्गतकै भूगर्भशास्त्र केन्द्रीय विभाग र यो विषय पढाइ हुने अन्य क्याम्पसले विपत् आउनु अघि, विपत् आएका बेलामा र विपत् आइसकेपछि अध्ययन अनुसन्धान गरेका हुन्छन् । यस्ता अध्ययन अनुसन्धानबाट प्राप्त जानकारी पत्रकार र आम मानिसका लागि उपयोगी हुन्छन् ।

## अनुसन्धान संस्था

अरु अनुसन्धान संस्थाले पनि विभिन्न खालका विपत्तिका बारेमा अध्ययन/अनुसन्धान गरेका हुन्छन् । त्यस्ता अध्ययन/अनुसन्धानले विपत्तिका बारेमा थप ज्ञान दिएका हुन्छन् । नेपालमा रहेको इसिमोड जस्ता संस्थाले विभिन्न खालका विपत्तिका बारेमा अनुसन्धान गरेका छन् ।

## राष्ट्रसंघ

राष्ट्रसंघले विकास र मानवीय सहायताका क्षेत्रमा सरकारसँग मिलेर काम गरिरहेको छ ।

राष्ट्रसंघका विभिन्न निकाय र परियोजना नेपालमा विपत्ति र सहायताका क्षेत्रमा काम गरिरहेका छन् ।

### रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी)

मानव निर्मित र प्राकृतिक दुवै खालका विपत्तिका बेलामा मानवीय सहायता प्रदान गर्न यो संस्था सक्रिय छ । आईसीआरसी नेपालमा पनि काम गरिरहेको छ ।

### अन्तर्राष्ट्रिय मानवीय सहायता संस्था

नेपाल कार्यरत धेरै संस्थाहरूले अरू कामका साथै मानवीय सहायता पनि गर्दै आएका छन् ।

### द्विपक्षीय तथा वहुपक्षीय दाता

नेपालमा यस्ता धेरै दाताहरूले सहयोग गरिरहेका छन् । ठूलो विपत्ति परेका बेलामा यिनले यस क्षेत्रमा पनि सहयोग गर्छन् ।

### स्थानीय संघसंस्था

नेपालमा धेरै गैरसरकारी संघसंस्था काम गर्दैछन् । विपत् आइलागेका बेलामा यिनले राहत, उद्धार र पुनर्निर्माणका काम पनि गर्छन् । विपत्ति आइलाग्दा काम गर्ने नेपाल रेडक्रस सोसाइटीका शाखा देशभर फैलिएका छन् ।

(यो सूची पूर्ण छैन । एक ठाउँमा एउटा संस्थाले काम गरेको हुनसक्छ भने अर्को ठाउँमा अर्को संस्थाले । त्यसैले पत्रकारले आफ्नो क्षेत्रमा कुन कुन संस्थाले केकस्ता काम गर्दै आएका छन् भनी विपत्ति आउनु अघि नै थाहा पाउनुपर्छ ।)

### विपत्ति भोगेका समुदाय

रिपोर्टरले विपत्ति भोगेका मानिसलाई छुटाउनु हुँदैन । लोग्ने गुमाएका विधवा, घर भत्केका परिवार, उठीबास लागेका गाउँ/टोलका मानिस आदिलाई भेट्नैपर्छ । उनीहरूका भनाइ विनाका तथ्यतथ्यांक आँकडा मात्रै हुन्छन्, स्टोरी हुँदैनन् ।

विपत्तिको समाचार तत्कालै दिनुपर्छ । तर विपत्ति परेका ठाउँमा गएर विपत्ति भोगेका मानिसलाई तत्काल भेट्न नसकिने हुन सक्छ । बाढीपहिरो वा भुइँचालोले गर्दा बाटो बन्द भएको हुन सक्छ । महामारी फैलिएको ठाउँमा पुग्न धेरै दिन पैदल हिंड्नुपर्ने हुन सक्छ ।

यस्तो अवस्थामा बाँकी रहेको सबैभन्दा राम्रो उपाय टेलिफोनमा उनीहरूसँग कुराकानी गर्नु हो । ल्यान्ड लाइन चलेका छैनन् भने पनि धेरै ठाउँमा मोबाइल फोन चालू हुन सक्छन् ।

विपत्ति परेका ठाउँमा उद्धारका काम गर्ने वा राहत पुऱ्याउने संस्थाले पत्रकारलाई आफ्नो हेलिकोप्टरमा ठाउँ दिन सक्छन् । यसो गरे बापत उनीहरूले आफ्ना कामका बारेमा लेखिदिन अनुरोध गर्न सक्छन् । विपत्ति परेका बेला उद्धार गर्ने वा राहत पुऱ्याउने संस्थाका काम यसै पनि समाचार बन्छन् । त्यसैले तिनका बारेमा समाचार लेख्नु ठीकै हो तर त्यसो भनेर आफूलाई हेलिकोप्टर चढाउने संस्थाका बारेमा मात्रै समाचार लेख्नु भने हुँदैन । किनभने हामी पत्रकार हौं, त्यस संस्थाका जनसम्पर्क अधिकारी होइनौं । समग्र स्टोरीमा अरू संस्थाका साथै त्यस संस्थाका कामका बारेमा पनि उल्लेख गर्न भने आपत्ति मान्नु हुँदैन ।



# सूचनाको विश्वसनीय स्रोतसँग सम्पर्क गर्ने र सरोकारवालाबाट जानकारी लिने

विपत्तिका बेलामा सहयोग गर्ने सबै सरोकारवालाका बारेमा थाहा पाइसकेपछि उनीहरूबाट सूचना कसरी लिने भन्ने जान्नुपर्छ । विपत्ति सम्बन्धी राम्रो कभरेज गर्नका लागि सबै थरीका महत्वपूर्ण जानकारी लिन सक्नुपर्छ । केही जानकारी सजिलै पाइन्छन् । केही संस्था र विभिन्न मन्त्रालयले पठाउने प्रेस विज्ञप्तिमा तथ्यांक र आँकडा हुन्छन् । केही जानकारी लिनका लागि अनुसन्धान गर्नुपर्छ । यी सबै खालका जानकारी पाउन रिपोर्टरले सूचनाका विश्वसनीय स्रोत र सम्पर्क फेला पार्नुपर्छ ।

### स्रोतसँगको सम्बन्ध र अनुसन्धान प्रणाली

विपत्ति परेका बेला राम्रा र भरपर्दा जानकारी पाउनु जरूरी हुन्छ । फिल्डमा गएर मानिसलाई प्रश्न सोध्दैमा गतिलो रिपोर्टिङ तयार हुँदैन । पत्रकारले स्रोतसँग सम्बन्ध राख्नुपर्छ । सूचना दिन सक्ने, कुनै घटना किन भयो र अब के हुन्छ भनी बताउन सक्ने मानिसलाई आफ्ना पक्षमा पार्नुपर्छ । यसो गर्न सक्ने मानिसहरु पत्रकारका लागि नभई हुँदैनन् किनभने संकटका बेलामा उनीहरूले राम्रा सूचना तुरून्तै दिने काममा मद्दत गर्छन् ।

सहायता संस्था र सरकारी कार्यालयका मानिससँग विपत्ति परेका बेलामा मात्र होइन अरु बेला पनि सम्पर्क राखिराख्दा राम्रो हुन्छ । मानवीय सहायताका मामिलामा रिपोर्टिङ गर्नका लागि राष्ट्रसंघीय निकाय, सरकारी निकाय र विकासे संस्था (स्थानीय र अन्तर्राष्ट्रिय दुवै) ले के काम गर्दैछन् भन्ने कुरा थाहा पाइराख्नुपर्छ । प्राकृतिक प्रकोप वा राजनीतिक संकटको जोखिम भएका क्षेत्रमा आउन सक्ने विपत्तिसँग जुध्नका लागि उनीहरूले "तयारी" गरेका हुन सक्छन् । ती संस्थालाई उनीहरूले काम गरिरहेका ठाउँको विकासको अवस्थाका बारेमा धेरै कुरा थाहा हुन्छ । विपत्ति परेका बेलामा यस्ता जानकारी धेरै उपयोगी हुन्छन् ।

यी संस्थाका कसलाई के कामको जिम्मेवारी दिइएको छ र कसको कार्यक्षेत्र कुन हो भनी थाहा पाउनु पनि उत्तिकै जरूरी हुन्छ । सूचना अधिकारी/प्रवक्तासँग रिपोर्टरको नियमित सम्पर्क हुन्छ नै । सहायता संस्थाका अधिकांश कर्मचारी पत्रकारसँग कुराकानी गर्न रूचाउँदैनन् । उनीहरु सूचना अधिकारीसँग कुराकानी गर्नु भनी पन्छिन खोज्छन् खासगरी विपत्ति परेका बेलामा । संकटका बेलामा सूचना अधिकारी विपत्ति परेको देशका पत्रकारलाई भन्दा विदेशी पत्रकारलाई सूचना दिन रूचाउँछन् । रिपोर्टर जति बढी दक्ष र सुसूचित हुन्छ सूचना पाइने सम्भावना त्यति नै बढी हुन्छ । यस्तैगरी, कार्यक्रम अधिकृत वा राजनीतिक अधिकृतसँग कुराकानी गर्न जानुभन्दा अघि आफू राम्रोसँग तयार हुनुपर्छ, उनीहरूका कामका बारेमा राम्रो अनुसन्धान गरेको हुनुपर्छ । यसो गरेका खण्डमा मात्रै उनीहरूसँग फलदायी कुराकानी गर्न सकिन्छ ।

उनीहरूसँग एक पटक सम्पर्क राखिसकेपछि त्यसलाई निरन्तर कायम राख्नुपर्छ । यसका लागि निम्न काम गर्नुपर्छः

### १. भेटघाट

नौला मान्छेसँग जानकारी लिनु छ भने भेटघाट गर्नु राम्रो हुन्छ । यसो गर्दा एकअर्कामा परिचित हुने मौका मिल्छ । पहिलो भेटमै अन्तर्वार्ता लिन नखोज्दा राम्रो हुन्छ । पहिल्यै तय गरिएको छ भने बेग्लै कुरा हो । पहिलो भेटघाटमा उसका आनीबानी, उसको काम, उसको संस्थाले गरिरहेका काम आदिका बारेमा बुझ्दा राम्रो हुन्छ । नयाँ मान्छेलाई भेट्न जाँदा आफ्नो बिजनेस कार्ड र आफ्ना कामका बारेमा जानकारी भएका सामग्री लिएर जानुपर्छ । पछि कुराकानी गर्न सजिलो होस् भनेर उसलाई व्यक्तिगत रूपमा सम्पर्क गर्न सकिने इमेल, फोन नम्बर आदि लिनुपर्छ । यसो गर्दा पछि कुनै जानकारी लिनुपर्दा ऊसँग सम्पर्क गर्न सजिलो हुन्छ ।

### २. सम्पर्क–सूत्र सम्बन्धी जानकारी व्यवस्थित रूपले राख्ने

आफूलाई सूचना दिन सक्ने मानिसका बिजनेस कार्डलाई व्यवस्थित किसिमले राख्नुपर्छ चाहिएका बेलामा सजिलैसँग भेट्न सकिने गरी । ती जानकारीलाई मानवीय सहायता, मुख्य भूमिका खेल्ने संस्था, भौगोलिक क्षेत्र आदिका आधारमा वर्गीकरण गर्न सकिन्छ । सरकारी संस्था, मानवीय सहायता संस्था र अरु सञ्चार माध्यमका डिरेक्ट्री राख्नुपर्छ ।

### ३. न्युजलेटर/इमेल वितरण लिस्ट

मानवीय सहायता गर्ने सबैजसो संस्थाका न्युजलेटर अथवा इमेल वितरण लिस्टमा आफ्नो इमेल ठेगाना दिनुपर्छ । मानवीय सहायता प्रदान गर्ने संस्थाहरूले मेलमा पठाइदिएका न्युजलेटर र अन्य जानकारी पढ्दा उनीहरूले के कस्ता काम गरिरहेका छन् भनी थाहा पाइन्छ । त्यसका आधारमा स्टोरीका लागि नयाँ आइडिया आउँछन् र कुन जानकारी लिन कसलाई सम्पर्क गर्ने भन्ने कुरा पनि थाहा हुन्छ । उनीहरूसँग निरन्तर सम्पर्क राखिराख्नुपर्छ ।

### ४. फिल्ड भिजिट

आफूलाई जानकारी दिने मानिस फिल्ड भिजिटमा जाँदैछ भने ऊसँगै फिल्डमा जान सकिन्छ । यसो गर्दा उनीहरूको काम र उनीहरूका रूचिका क्षेत्रका बारेमा नयाँ कुरा थाहा पाइन्छ । रिपोर्टिङमा राख्न सकिने चाखलाग्दा दृश्य पनि भेटिन सक्छन् । रिपोर्टिङका लागि आफू कतै जान लागेको भए मानवीय सहायता प्रदान गर्ने संस्थाका मानिसलाई पनि साथै जाने भए जाऊँ भन्न सकिन्छ (लडाइँका बेलामा भने यसो गर्दा आफूलाई खतरा आइलाग्छ । त्यसैले यी उपाय प्राकृतिक प्रकोपका बेलामा मात्र उपयोग गर्नुपर्छ) । उसलाई आफ्नो दृष्टिकोण बताउन पनि सकिन्छ । रोगको महामारी फैलेको ठाउँ छ भने डाक्टर, सरकारी स्वास्थ्य विशेषज्ञ अथवा स्वास्थ्य सम्बन्धी काम गर्ने गैरसरकारी संस्थाका प्रतिनिधि वा प्राथमिक उपचार गर्ने मानिसलाई साथै जाऊँ भनी भन्न सकिन्छ ।

### ५. पत्रकारितासँग सम्बन्धित संस्थाका छलफल

विभिन्न विषयमा रिपोर्टिङ गर्ने पत्रकारहरूले आफ्ना विषयको रिपोर्टिङलाई सशक्त बनाउन र पत्रकारको क्षमता, दक्षता बढाउन संस्था गठन गरेका छन् । त्यस्ता संस्था अथवा अनौपचारिक मञ्चमा हुने छलफल पनि पत्रकारका लागि उपयोगी हुन्छन् । त्यस्ता छलफलबाट अरूको अनुभव सुन्न पाइन्छ, स्टोरीका लागि नयाँ आइडिया पाइन सक्छ, आफूले खोजिरहेको जानकारी दिन सक्ने मानिस पत्ता लाग्न सक्छ ।

### ६. सामाजिक सञ्जाल

फेसबुक, ट्वीटर, ब्लग आदि जस्ता सामाजिक सञ्जालमा पनि धेरै उपयोगी जानकारी पाइन्छन् । २०७२ साल वैशाखमा नेपालमा आएको भूकम्प पछि नेपाल प्रहरीले ट्विटरमार्फत आम मानिसलाई

उपयोगी जानकारी बारम्बार दिएको थियो । ती जानकारी आम मानिससम्म पुऱ्याउनु पत्रकारको दायित्व हो ।

### ७. प्रकाशित स्टोरी पठाएर प्रतिक्रिया लिने

आफूलाई जानकारी दिने मानिसलाई आफ्ना रिपोर्टिङमा संलग्न गराइराख्नुपर्छ । आफूले गरेको रिपोर्टिङको कपी पठाएर उनीहरूको प्रतिक्रिया लिन सकिन्छ । त्यस स्टोरीमा भएका जानकारी गलत पो भए कि ? त्यसमा के सुधार गर्न सकिन्छ ? जस्ता प्रतिक्रिया उनीहरूले पठाउन सक्छन् । सहकर्मी र स्टोरीसँग सम्बन्धित संस्था/मानिसका प्रतिक्रियाका आधारमा स्टोरी सुधार्न सकिन्छ ।

### ८. प्राप्त प्रतिक्रिया अरूलाई बताउने

फिल्डमा गएर फर्केपछि वा विपत्तिका बारेमा सरोकारवालाबाट प्रतिक्रिया पाएपछि त्यस्ता प्रतिक्रिया सम्बन्धित संस्था, मन्त्रालय र आफूलाई सूचना दिने अन्य व्यक्तिलाई बताइदिनुपर्छ । यसो गरेर उनीहरूलाई उनीहरूका कामका बारेमा मानिसले के भन्छन् र आम मानिसको के विचार छ भन्ने कुरा थाहा दिन सकिन्छ । यसो गर्दा आफूलाई जानकारी दिने मानिसलाई पनि मद्दत पुग्छ ।

- विभिन्न संस्थाका नयाँ मानिससँग सम्पर्क गर्ने र नियमित रूपमा सम्पर्क गरिराख्ने
- विभिन्न संस्थाका राष्ट्रिय कार्ययोजना, परियोजना र दाताका बारेमा थाहा पाउने (यस्ता जानकारी इन्टरनेटमा सजिलै पाइन्छन्)
- ती संस्था र राष्ट्रसंघीय प्रणाली तथा अन्य संस्थाका बीचको सम्बन्धका बारेमा थाहा पाउने
- कुन संस्थाका राहत सम्बन्धी काम कुन व्यक्तिले हेर्छ भनी थाहा पाउने
- सूचना अधिकारीसँग राम्रो सम्बन्ध राख्ने । विपत्तिका बेलामा उनीहरूले नदिईकन सूचना पाइँदैन । अनि प्रवक्तासँगको सम्पर्क पनि उनीहरूमार्फत हुन्छ ।
- सहायता दिने संस्थाका सूचनामा अति धेरै मात्रामा भर पर्नुहुँदैन । अरू स्रोतबाट पनि जानकारी लिएर आफ्नो स्टोरी सन्तुलित बनाउनुपर्छ ।

### यसबाट सिकिएका पाठ

सूचनाका गतिला र भरपर्दा स्रोतसँग सम्पर्क राख्नुपर्छ । प्रेस विज्ञप्ति र प्रवक्तामा मात्र भर पर्नुहुँदैन ।



# फिल्ड भिजिट

राम्रो रिपोर्टिङ गर्नका लागि विपत्ति परेको ठाउँमा गएर त्यसले असर पारेका मानिससँग कुराकानी गर्नु एकदमै जरूरी हुन्छ ।

आफूले लेख्न लागेको स्टोरीका बारेमा राम्रोसँग बुझ्नका लागि विपत्ति परेका ठाउँको सकेसम्म नजिक पुग्नुपर्छ । त्यसो भएन भने रिपोर्टिङ वास्तविक हुँदैन । स्टोरीबाट उति राम्रो प्रभाव पर्दैन । विपत्तिका बारेमा रिपोर्टिङ गर्नका लागि विपत्तिको रूप आफ्नै आँखाले हेर्नुपर्छ र त्यसका बारेमा आम मानिसलाई बताइदिनुपर्छ । विपत्ति कस्तो थियो ? विपत्ति भोगेका मानिसलाई तत्कालका लागि के चाहिएको छ ? उनीहरू के भन्छन् ? उनीहरू के चाहन्छन् ? उनीहरूलाई कसले सहयोग गरेको छ ? यस्ता प्रश्नको जवाफ खोज्ने सबैभन्दा राम्रो उपाय आफू विपत्ति परेका ठाउँमा जानु हो ।

तर त्यस्ता ठाउँमा पुग्दैमा पत्रकारको काम सकिंदैन । त्यहाँबाट उसले सूचना लिएर फर्कनुपर्छ । सूचना लिएर फर्कनका लागि त्यहाँ जानुअघि तयारी गर्नुपर्छ । के कस्ता जानकारी के कसरी लिन्छु भनी योजना बनाउनुपर्छ ।

तयारी गर्नका लागि १० मिनेट खर्च गर्नुस् ।

पत्रकारले फिल्डमा जानुअघि केही प्रश्नको जवाफ दिनुपर्छ । ती यस प्रकार छन्ः

१. मैले फिल्डमा गएर के कुरा सिक्न चाहेको हुँ ?

२. फिल्ड भिजिट गर्दा मेरो स्टोरी कसरी राम्रो हुन्छ ?

३. मैले कोको मानिससँग कुरा गर्नुपर्छ ? उनीहरूलाई यहींबाट कसरी सम्पर्क गर्न सकिएला ?

४. कहाँ जानुपर्छ ? त्यहाँ कसरी पुग्न सकिन्छ ? त्यहाँसम्म पुग्न कति समय लाग्छ ?
५. फिल्डमा जानुअघि मैले सुरक्षा, भौगोलिक अवस्थिति र अरु के के कुराका के कस्ता पक्षमा ध्यान दिनुपर्छ ?
६. मलाई फिल्डमा कसले सघाउन सक्ला ?
७. फिल्डबाट मैले कसरी धेरैभन्दा धेरै जानकारी/स्टोरी ल्याउन सक्छु ?
८. यसअघि नै त्यस ठाउँमा गइसकेका मानिस मेरो अफिसमा कोही छन् कि ? फिल्डमा जाँदा मलाई उपयोगी हुने मानिसलाई उनीहरूले चिनेका छन् कि ?
९. म जान लागेका ठाउँका बारेमा मैले अहिलेसम्म नभेटेका लेख तथा सूचना छन् कि ?
१०. फिल्डमा जानका लागि मलाई के के कुरा चाहिन्छन् ? (उदाहरणका लागि, सामान, पैसा, सुरक्षा अनुमति, सरकारी अनुमति आदि ।)

कुन ठाउँमा जाने, त्यहाँ पुगेर के गर्ने र फिल्डबाट फर्केपछि कस्ता स्टोरी तयार गर्ने भन्ने कुरा फिल्ड जानुअघि नै यकिन गर्नुपर्छ ।

यति कुराको तयारी नगरीकन फिल्डमा जानु भनेको पैसा र समय बर्बाद पार्नु मात्र हो । रिपोर्टरहरु विपत्ति सम्बन्धी जानकारी लिन जान हतार गर्छन् । दश मिनेटमा सकिने तयारी नगरीकन फिल्डमा जाँदा फिल्ड भिजिटको सारा मेहनत त्यसै खेर जान्छ । उनीहरूले काम लाग्ने स्टोरी ल्याउन सक्दैनन् ।

तयारी नगरीकन दौडिंदा यसो हुन सक्छः
१. बीचमै हराएर पुग्नुपर्ने ठाउँमा पुगिंदैन ।
२. आफू जसका भर परेर त्यहाँ गएको हो ऊ त्यहाँ नहुन सक्छ ।
३. गलत प्रश्न सोधिने हुन सक्छ जसले गर्दा वास्तविक स्टोरी छुट्छ ।
४. सुरक्षा निकायले चेकप्वाइन्टमा जाँच गर्दा अनुमतिपत्र देखाउन नसकेपछि उसले त्यहाँबाट फर्काइदिन सक्छ ।
५. त्यत्रो दुःख गरेर फिल्डमा पुग्दा आफ्ना सामान (क्यामरा, रेकर्डर आदि) ले काम नगर्न सक्छन् ।

अरु कति काम छाडेर फिल्डमा गयो, फर्कंदा स्टोरी आएन भने यो जति नमज्जा अरु केही हुँदैन । राम्रोसँग तयारी गर्दा यीमध्ये केही गल्ती हुँदैनन् ।

सकेसम्म छिटो फिल्डमा पुग्ने । आफूले जान खोजेको ठाउँमा सकेसम्म चाँडो पुग्ने । भोलिपल्टबाट रिपोर्टिङको काम थाल्ने विचार छ भने अघिल्लै दिन त्यहाँ पुग्ने । रिपोर्टिङको काम थाल्नुअघि आफू पुगेको ठाउँका बारेमा थाहा पाउन स्थानीय मानिससँग कुराकानी गर्ने, खाने-बस्ने व्यवस्था मिलाउने र कसरी काम गर्ने भनी योजना बनाउने । फिल्डबाट फर्केपछि सम्पादकलाई म आइपुगें भनी खबर गरेर स्टोरी तयार गर्न थाल्ने ।

जो जो भेटिन्छ सबैसँग कुराकानी गर्ने । उनीहरुका कुरा सुन्ने । कसका कुरा स्टोरीका लागि काम लाग्लान् भनी कुराकानी गर्नुअघि नै थाहा हुँदैन । भेट्ने भनी पहिले नै तय भए बाहेकका मानिसँग पनि कुराकानी गर्नुपर्छ । चिया खाँदै गर्दा पनि मानिससँग कुराकानी गर्न सकिन्छ । अनौपचारिक रुपमा पनि मानिससँग कुराकानी गर्न सकिन्छ । आफूले कुरा गर्दै गरेका मानिसले आफूले स्टोरी गरिरहेको विषयमा काम लाग्ने कुरा गर्छन् भन्ने लागेपछि विपत्तिका बारेमा केही ठोस प्रश्न सोध्न र भक्स पप लिन सकिन्छ । यसो गर्दा विपत्तिले मानिसलाई कस्तो असर पारेको छ भन्ने कुरा थाहा पाइन्छ । स्टोरीलाई प्रभावकारी बनाउने सूचना भेटिन्छ ।

नोट राम्रोसँग टिप्ने । विपत्ति आइलागेका ठाउँमा दर्दनाक, भयानक, दुःखलाग्दा कुरा सुन्नु, देख्नु र भोग्नुपर्ने हुन सक्छ । यस्ता अवस्थामा धेरै पत्रकार बहकिन्छन् र आफूलाई चाहिने जानकारी टिप्न भुल्छन् । यस्ता बेलामा पनि आफूले कुरा गरेका मानिसका नाम र उनीहरुका सम्पर्क-सूत्र टिप्न भुलें कि भनी याद गर्नुपर्छ । पछि अफिसमा फर्किइसकेपछि उसको नाम के हो भनी पत्ता लगाउन कठिन हुन्छ । आफूले कुरा गरेको मानिसको फोन नम्बर (ऊसँग फोन रहेछ भने, नामको सही हिज्जे, पेसा, उमेर, ठेगाना लगायतका जानकारी लिनुपर्छ । नोटबुकको हरेक पृष्ठका सिरानमा कुराकानी गरेको मिति र ठाउँ टिप्नुपर्छ । नोटमा आफूले कुराकानी गरेका मानिस सम्बन्धी जानकारी, उसले भनेका महत्वपूर्ण कुरा/रोचक घटना अथवा भनाइ टिप्नुपर्छ । टेलिभिजन, रेडियो, प्रिन्ट अथवा अनलाइन जेका लागि रिपोर्टिङ गरे पनि मानिससँगको कुराकानी रेकर्ड गर्नु राम्रो हुन्छ । रेकर्ड नगर्दा धेरै उपयोगी कुरा छुट्न सक्छन् । मानिसका भनाइ जस्ताका तस्तै टिपिंदैनन् । आजभोलि रेकर्ड गर्ने प्रविधि सस्तो, सजिलो र छरितो भएको छ ।

यसो गर्दा अफिस फर्केपछि गर्नुपर्ने काम गर्न सजिलो हुन्छ । आवश्यक पर्दा आफ्नो नोटबुक हेर्दा पुग्छ । स्टोरी लेख्ने बेलामा समय बचत हुन्छ ।

सबै कुरा टिप्ने । आफू पुगेको ठाउँ घुम्नुस् र आफूले देखेका सबै कुरा (रङ, आवाज, मानिसका काम, आवेग, संवेग आदि) नोटबुकमा टिप्नुस् । यी स-साना कुरा टिप्दा पछि स्टोरी लेख्ने बेलामा दृश्य वर्णन गर्न सजिलो हुन्छ जसले गर्दा अडियन्सले विपत्ति परेको ठाउँ कस्तो रहेछ, त्यहाँ के भएको रहेछ र मानिसले त्यस विपत्तिलाई कसरी लिएका रहेछन् भनी आफैंले हेरे झैं अनुभूति गर्न सक्छन् ।

**सिकिएका पाठ**

रिपोर्टिङलाई प्रभावकारी र सर्वपक्षीय बनाउनका लागि फिल्डमा जानैपर्छ । जानुअघि राम्रो तयारी गर्नुपर्छ ।



Photo: Gemma van der Kamp

# फिल्डमा जानु अघि

विपत्ति आइलागेको ठाउँमा जाँदा हामी कहिलेकाहिँ त्यस ठाउँका बारेमा जान्दै नजाकिन दौडन्छौं । यसो गर्दा हामी धेरै दुःख त गर्छौं तर पनि चाहिने सूचना ल्याउन सक्दैनौं । त्यसैले फिल्डमा जानु अघि त्यस ठाउँका बारेमा थाहा पाउनुपर्छ । आजभोलि आफू जुन ठाउँमा बसेर काम गरेको हो त्यही ठाउँमा बसेर (जिल्ला सदरमुकाममा बस्ने पत्रकारले त्यहीं बसेर), त्यहाँ उपलब्ध सूचनाका स्रोत र इन्टरनेटको उपयोग गरेर यी जानकारी लिन सकिन्छ ।

- आफू जान लागेको ठाउँले समुद्र सतहदेखि कति अग्लो ठाउँ ओगटेको छ ? होचो र अग्लो ठाउँको उचाई कति छ ? भौगोलिक अवस्था बताउन काम लाग्छ ।
- आफू जान लागेका बेलामा त्यस ठाउँको मौसम कस्तो हुनसक्ला ? जलवायूका बारेमा बताउन काम लाग्छ ?
- त्यस ठाउँमा कति मानिस बस्छन् ? कति मानिसलाई समस्या परेको छ भनी बताउन काम लाग्छ ।
- कुन, कुन जातजातिका कति मानिस बस्छन् ? जातीय विशेषता बताउन काम लाग्छ ।
- कुन उमेरका मानिस बढी छन् ? काम गर्ने उमेरका मानिस कम छन् भने यसले गर्दा उद्धार, राहत वितरण र पुनर्निर्माणमा कस्तो असर पर्ला पनि प्रश्न सोध्न र सही जवाफ बताउन सकिन्छ ?
- कति मानिस साक्षर छन ? कुन जातजातिका कति मानिस साक्षर छन ? राहत, उद्धार र पुनर्निर्माणका काममा साक्षरता कम भएका समुदायको आवाज नसुनिने हुनसक्छ ।
- ती मानिसले कुन कुन भाषा बोल्छन ? भाषिक विशेषता बताउन काम लाग्छ ।
- त्यस ठाउँका मानिस के के पेशा गर्छन् ? कुन पेशा गर्ने मानिस कति छन् ? कुन कुन पेशा संकटमा परेको छ र कुन कुन पेशाका मानिसलाई कामका अवसर आएका छन् भनी बताउन सकिन्छ ।

- कति मान्छे धनी छन ? कति मान्छे गरिब छन ? कति मान्छेसँग जग्गा जमिन छैन ? धनी मानिसले प्राकृतिक विपत्ति अलि बढी मात्रामा धान्न सक्छन् भने गरिबले सक्दैनन् । किनभने धनीको घरबारी गए पनि बैंकमा पैसा हुनसक्छ । उसलाई उधारो र रिन दिन साहु तयार हुन्छन् । गरिबलाई यस्तो सहयोग गर्ने कोही पनि हुँदैन । त्यसैले विपत्तिको ठूलो मार पर्ने डर छ कि छैन भन्ने कुरा कति मानिस गरिब छन् र कति मानिस धनी छन् भन्ने कुरामा धेरै हदसम्म भर पर्छ ।
- त्यस ठाउँका मानिस अत्यधिक मात्रामा निर्भर रहेका प्राकृतिक स्रोत के के हुन् ? यी प्राकृतिक स्रोत खल्बलिएका छन् कि छैनन भनी जाँचेर विपत्तिले त्यस ठाउँलाई कति असर पार्छ भनी भन्न सकिन्छ । जस्तै, धेरै मानिस खेतीका लागि पानीका मुहानमा निर्भर थिए तर विपत्तिले गर्दा ती मुहान सुकेका रहेछन् भने यसको असर ठूलो पर्छ भन्न सकिन्छ ।
- त्यस ठाउँका मानिसलाई ठूलो सहयोग पुऱ्याएका पूर्वाधार के के हुन् ? सडक, विमानस्थल, विजुलीघर जस्ता महत्वपूर्ण पूर्वाधार बिग्रेका रहेछन् भने त्यसको कस्तो असर परेको छ भनी हेर्न सकिन्छ ।
- त्यस ठाउँमा कुन कुन संस्था सार्वजनिक सेवा दिन बसेका छन ? प्रहरी चौकी/सैनिक ब्यारेक नजिकै रहेछ भने उद्धार चाँडो हुने सम्भावना हुनसक्छ । अस्पताल रहेछ भने उपचार पाउने सम्भावना हुन्छ । तर चौकी/ब्यारेक र अस्पतालमै विपत्ति आइलागेको रहेछ भने उनीहरूले सहायता नपाएका हुनसक्छन् ।
- गाउँमा एकअर्कालाई सहयोग गर्ने परम्परा थियो कि थिएन ? थियो भने ती परम्परा हालसम्म कायम छन् कि छैनन् ? यसका आधारमा त्यो समुदाय कति चाँडो तङ्ग्रिन सक्ला भनी भन्न सकिन्छ ।
- यस ठाउँमा लैंगिक र जातीय भेदभाव कत्तिको छ ? भेदभाव चर्को भएका ठाउँमा हेपिएका लिंग र जातजातिका मानिस राहत, उद्धार र पुनर्निर्माणमा ठगिन्छन् ।
- त्यस ठाउँमा यस अघि कहिले, कस्ता विपत्ति आइलागेका थिए ? तिनले के कस्ता क्षति पुऱ्याएका थिए ? मानिसले ती विपत्तिको सामना कसरी गरेका थिए ?

कहिलेकाहिं हामी पत्रकारहरु सूचना लिन दौडने हतारमा ती सूचना लिनका लागि आफूले के कस्ता साधन, उपकरण, सामग्री लानुपर्छ भन्ने कुराको ख्याल गर्न भुल्छौं । यसले गर्दा हामीले अनाहकमा दुःख पाउँछौं । पर्याप्त जानकारी ल्याउन सक्दैनौं । त्यसैले फिल्डमा जानु अघि यी

प्रश्नको जवाफ पत्ता लगाएर सोही वमोजिम बन्दोबस्त गर्नुपर्छ :

- त्यस ठाउँमा जाँदा कस्ता लुगा बोक्नुपर्छ ? (न्याना लुगा चाहिन्छन् कि ?)
- कस्तो जुत्ता लगाउनुपर्छ ? खोला धेरै पटक जँघार तर्नु पर्छ भने खोल्न र लगाउन धेरै बेर लाग्ने खालका जुत्ता नलगाएको राम्रो)
- पाल र म्याट्रेस पनि पो बोक्नुपर्छ कि ? (विपत्तिले विचल्ली पारेका मानिसकहाँ गएर उनीहरूलाई झन् दुःख दिनु नपरोस भनेर) ।
- के कस्ता खानेकुरा बोक्नुपर्ला ?
- के कस्ता औषधि बोक्नुपर्ला ?
- कुन कुन उपकरण बोक्नुपर्ला ?
    - अडियो रेकर्डर
    - स्टिल क्यामरा
    - भिडियो क्यामरा
    - ट्राइपड
    - ल्यापटप
    - फोन
- यी उपकरण सही अवस्थामा छन् ?
- यिनका ब्याट्री काम गर्दैछन् ?
- यिनलाई चाहिने कार्ड/टेप पर्याप्त मात्रामा छन् ?
- आफू जाने ठाउँमा ब्याट्री चार्ज गर्ने उपाय केही छ ?
- छैन भने जगेडा ब्याट्री छ ? हल्का खालका पोर्टेबल सोलार चार्जर कसैसँग छ कि ?
- पानी पर्ने सम्भावना छ भने ती उपकरणलाई पानीबाट कसरी जोगाउने ?
- जाडो ठाउँमा ब्याट्री नसकिए पनि नचल्ने हुनसक्छ । त्यतिबेला के गर्ने ?
- त्यस ठाउँमा आफूलाई कुनै किसिमको अप्ठ्यारो परेमा कसले सहयोग गर्न सक्ला ?



# मानवीय विपत्ति सम्बन्धी रिपोर्टिङ गर्दा ख्याल गर्नुपर्ने आचारसंहिता र जिम्मेवारी, रिपोर्टिङलाई एक पक्षीय हुन नदिने तरिका

मानवीय विपत्तिका बारेमा गरिने रिपोर्टिङ सामान्य अवस्थामा गरिने रिपोर्टिङ भन्दा फरक हुन्छ भन्ने कुरा यस किताबका यसअघिका खण्डमा बताइसकिएको छ । यसका लागि पत्रकारले राम्रो अनुसन्धान गर्नुपर्छ, विषयमा ध्यान केन्द्रित गर्नुपर्छ, तयारी गर्नुपर्छ, अनि अरु धेरै काम गर्नुपर्छ । मानवीय विपत्तिका बारेमा रिपोर्टिङ गर्दा पत्रकार आफूले रिपोर्टिङ गर्न लागेको विषयप्रति बढी संवेदनशील हुनुपर्छ । आफूले रिपोर्टिङ गरिरहेको विषय, सरोकारवाला र विपत्ति भोगेका मानिसलाई कसरी चित्रित गर्ने भन्ने बारेमा बढी चिन्तित हुनुपर्छ । आफ्नो रिपोर्ट छापिनु/प्रसार हुनुभन्दा पहिले पत्रकारले त्यस रिपोर्टबाट कस्तो प्रभाव पर्छ भन्ने बारेमा विचार पुऱ्याउनुपर्छ ।

विपत्ति आइलागेको ठाउँमा पुग्ने बित्तिकै अवस्था कस्तो रहेछ भनी भन्न सकिएला जस्तो लाग्छ । तर यसो गर्दा धेरैवटा महत्वपूर्ण जानकारी छुट्छन्ः त्यस स्टोरीको विषयसँग सम्बन्धित इतिहास अथवा पृष्ठभूमि छुट्छ । थोरै समयमा पर्याप्त मात्रामा अनुसन्धान गर्न सकिंदैन । पूर्वाग्रही मानिसले आफूलाई फाइदा हुने अवस्था मात्र देखाएका हुन सक्छन् । पूर्वाग्रहपूर्ण निष्कर्ष निकालिने डर हुन्छ ।

काल्पनिक उदाहरणः भुइँचालोबाट बेघरबार भएका मानिसलाई राखिएको अस्थायी शिविरमा भ्रमण गर्न सरकारले पत्रकारलाई निम्ता दियो । सरकारले बन्दोबस्त मिलाएको एकदिने यस भ्रमणमा २० जनाभन्दा बढी पत्रकार सामेल भए । यसका बारेमा छोटो समयमा रिपोर्टिङ गरिसक्नुपर्ने थियो । पत्रकारले मानिससँग कुराकानी गर्नका लागि पर्याप्त समय थिएन ।

रिपोर्टरलाई सरकारले प्रेस विज्ञप्ति दिएको थियो । शिविरको अवस्थाका बारेमा बताउन सरकारी

अधिकारीसँग भेटघाटको बन्दोबस्त गरिएको थियो । भुइँचालोबाट बेघरबार भएकालाई ३० वटा शिविरमा राखिएको थियो तर पत्रकारलाई एउटा मात्र शिविर घुम्ने व्यवस्था मिलाइएको थियो । अधिकांश पत्रकारहरु यस्तो दुर्गम ठाउँमा यसअघि कहिल्यै गएका थिएनन् । उनीहरूलाई भूकम्पबाट असर परेका मानिस र उनीहरूको इतिहासका बारेमा केही थाहा थिएन । पत्रकारलाई घुमाउन सरकारले सम्पर्क अधिकृतको व्यवस्था गरेको थियो । पत्रकारहरूलाई आफ्नो ढंगले शिविरमा घुम्न र त्यहाँ बसोबास गरिरहेका मानिससँग भेट्न दिइएको थिएन । उनीहरूलाई शिविरका नेतासँग १० मिनेट कुरा गर्न र फोटो खिच्न मात्र दिइएको थियो ।

**फिल्ड भिजिटपछि एक जना पत्रकारले आफ्नो स्टोरीको सुरूआत यसरी गरेः**
"सरकारले शिविरमा राखिएका झन्डै ५,००० मानिसलाई पर्याप्त सेवा पुऱ्याएको छ । यी गरिब मानिसलाई राम्रोसँग हेरविचार गरिएको छ । उनीहरु शिविरमा बसुन्जेल उनीहरूलाई राम्रोसँग हेरचाह गरिने कुरा सरकारी प्रतिनिधिले बताए । सरकारी प्रवक्ताका अनुसार यी मानिस अहिले सुरक्षित छन् । उनले भने "उनीहरूलाई आवश्यक पर्ने सबै सहयोग हामी दिन्छौं । हामी उनीहरूलाई खुसी र स्वस्थ राख्छौं ।"

यो लेखाइ झुर छ । यसबाट त्यति धेरै कुरा थाहा हुँदैन । तथ्य र आँकडा छैनन् । स-साना तर महत्वपूर्ण र उपयोगी जानकारी पनि छैनन् । केही विशेषण र मृतप्रायः दृश्य राखिएका छन् । कुनै मानिस "गरिब" छ भन्दा अडियन्सले केही पनि कुरा थाहा पाउँदैन ।

**सुरक्षा र आचारसंहिता**
विपत्ति सम्बन्धी रिपोर्टिङ गर्नुको एउटा उद्देश्य विपत्ति भोगेका मानिसलाई उपयोगी जानकारी दिनु हो । यस्ता रिपोर्टिङ गर्दा पत्रकारले सुरक्षा र आचारसंहिता सम्बन्धी चुनौतीको सामना गर्नुपर्छ । पत्रकारले पाँच डब्लु र एच (को, के, कहाँ, किन, कहिले र कसरी) जस्ता प्रश्नको जवाफ दिने लगायत सबै जरूरी जानकारीका स्रोत उल्लेख गर्नुपर्छ । साथै उनीहरूले "थप दुःख नपुऱ्याउने" मानवीय सिद्धान्तको पनि पालना गर्नुपर्छ ।

यस्तो अवस्थामा पत्रकारहरूले मानवीय सहायता गर्ने संस्थालाई उनीहरूका कामका बारेमा यस्तो किसिमले बताउनुपर्छ जसले गर्दा उनीहरूलाई खतरा पुग्दैन ।

## रिपोर्टिङमा हुन सक्ने यी कमजोरी कसरी हटाउने ?

एउटा सानो उदाहरणका आधारमा सबैतिर यस्तो भएको छ भन्ने र पूर्वाग्रह थोपर्ने चलन हटाउनका लागि केही उपाय यस प्रकार छन्ः

१. थरीथरीका स्रोतसँग कुराकानी गर्ने । निजामती, प्रहरी र जंगी कर्मचारी, मानवीय सहायता संस्थाका कार्यकर्ता अथवा अन्य सरोकारवालाबाट पाइएका जानकारीमा अत्यधिक मात्रामा भर पर्नुहुँदैन । विपत्ति भोगेका मानिससँग केही बेर बस्नुपर्छ । उनीहरूसँग सम्पर्क राखिराख्नुपर्छ । उनीहरूलाई एकभन्दा बढी पटक भेट्नुपर्ने हुन सक्छ ।

२. रिपोर्टिङ गर्दा वर्णनात्मक शैली अपनाएर जीवन्त दृश्य देखाइदिनुपर्छ । कोही मानिसलाई गरिब भनी विशेषण लगाइदिनुका सट्टामा उसको कुन कुन अवस्था देख्दा तपाईंलाई ऊ गरिब हो जस्तो लाग्यो त्यसको वर्णन गरिदिनुपर्छ । यसका केही उदाहरणः "एक जना मानिस लामो लाममा उभिएका थिए । त्यस लाममा बसेका मानिसलाई जनही दुई के.जी. चामल दिइन्थ्यो । यसका भरमा उनले आफ्नो १० जनाको परिवार धान्नुपर्थ्यो ।" अथवा "एक जना महिलाले युनिसेफले दिएको, च्यातिएको पाल खोलिन् । त्यसलाई एउटा रूखको हाँगामा टाँगिन् र आफ्नी सानी छोरीका लागि ओत बनाइन् । उनलाई चाँडै मुसलधारे पानी पर्ने डर लागेको थियो ।" कुनै अवस्थालाई जीवन्त ढंगले बताउनका लागि जे देख्यो सोही



कुराको वर्णन गरिदिनुपर्छ । त्यो देख्दा आफूलाई जे लाग्यो सो (गरिब, विचरा, दुःखित आदि) बताउने होइन ।

३. एक झलकमा जे देखियो त्यसलाई अन्तिम सत्य नठान्नुस् । विपत्ति भोगेका मानिससँग कुराकानी गर्नुस् । सुरूमा जे देखियो त्यो वास्तविकताभन्दा बिलकुल फरक हुन सक्छ ।

४. एक ठाउँ मात्र घुम्नुका सट्टा धेरै ठाउँ घुम्नुस् । विपत्तिका विभिन्न खालका उदाहरण देखाइदिनुस् जसले गर्दा अडियन्सले समस्याको पूर्ण चित्र देख्न पाउँछन् ।

५. फिल्डमा जानुअघि अनुसन्धान गर्नुस् । फिल्डमा आफूले देखेका कुरा टिप्नुस् । आफू फिल्डमा भएका बेलामा के भइरहेछ भन्ने विवरण टिप्नुस् । आफ्नो अफिसमा फर्किइसकेपछि आफूले पहिले गरेको अनुसन्धान र फिल्ड भिजिटबाट प्राप्त जानकारी मिलाएर स्टोरी तयार गर्नुस् ।

## समुदायका लागि उपयोगी बन्नका लागि केही सल्लाह

**२७.०६.२००८ मा आइजेनेटमा पोस्ट गरिएको[2]**

- "विपत्ति" को स्टोरी मात्र बताउने होइन । विपत्ति भोगिरहेका मानिसलाई उपयोगी हुने (वास कहाँ पाइन्छ ? आर्थिक सहायता कसरी लिने ? जस्ता) जानकारी पनि छाप्नुस्/प्रसार गर्नुस् ।
- तथ्य राख्नुस, सनसनी नफैलाउनुस् । "अहिलेसम्मको सबैभन्दा ठूलो आगलागी" अथवा "यो शताब्दीकै भयावह आँधी" जस्ता विशेषण नझुन्ड्याउनुस् ।
- आफूले विशेषज्ञ मानेका मानिसको विशेषज्ञताको क्षेत्र के हो भनी विचार गर्नुस् । मेडिकल डक्टरलाई भुइँचालो किन आउँछ भनी नसोध्नुस् ।
- पीडितलाई दुर्व्यवहार नगर्नुस् ।
- स्रोत खुलाइदिनुस् । विपत्ति परेर होस उडेका बेलामा मानिसले जे पनि भनिदिन सक्छ । जसले जे कुरा भनेको हो उसलाई त्यही कुरामा कोट गर्नुस् । आँकडा सही हुन् कि होइनन् भनी जाँच्नुस् ।



# आघातः विपत्तिको रिपोर्टिङ गर्ने पत्रकारका लागि व्यावहारिक सल्लाह

**२७.०६.२००८ मा आइजेनेटमा पोस्ट गरिएको[3]**

आन्ने नेल्सन, कोलम्बिया ग्र्याजुयट स्कूल अफ जर्नालिजम र डा. ड्यानियल नेल्सन, एम.डी., युनिभर्सिटी अफ सिन्सिन्नाटी स्कूल अफ मेडिसिन

विपत्ति भोगेका व्यक्तिलाई परेको आघातलाई "प्रत्यक्ष आघात" भनिन्छ । विपत्तिबाट पीडित भएका अथवा विपत्ति देखेका अथवा विपत्तिमा आफन्त गुमाएका मानिसलाई यस्तो आघात पर्छ । यस्तो आघात भोगेका मानिसले आफूले भोगेका कुरा पत्रकारलाई बताउँदा बताउने व्यक्तिलाई चोट लाग्न सक्छ अथवा मलम लाग्न सक्छ । चोट लाग्छ कि मलम भन्ने कुरा धेरै हदसम्म पत्रकारले उसलाई कस्तो व्यवहार गर्छ भन्नेमा निर्भर हुन्छ ।

डाक्टरले जस्तै पत्रकारले पनि "क्षति नपुऱ्याउने" सिद्धान्त अँगाल्नुपर्छ ।

पत्रकारसँग कुराकानी गर्दा कुराकानी गर्ने व्यक्तिलाई चोट पुग्छ कि मलम लाग्छ भन्ने कुरा ऊ कुराकानी गर्न तयार छ कि छैन भन्नेमा भर पर्छ ।

कुराकानी गर्न अनुमति माग्नुपर्छ । आघात परेका व्यक्तिसँग कुराकानी गर्नुअघि पत्रकारले उसलाई "हामीसँग कुरा गर्न मिल्ला ?" भनी सोध्नुपर्छ । उसले बोल्न मानेन भने जबर्जस्ती गर्नुहुँदैन । अहिले कुराकानी नगरे उसलाई पछि कुनै बेला कुरा गर्न मन लाग्ला । जो मानिसलाई कसैसँग बोल्न मन छैन उसले अर्थ लाग्ने कुरा बताउन सक्दैन । टुक्राटाकी कुरा मात्र बताउँछ ।

आफूले कुरा गर्न चाहेको व्यक्ति कुरा गर्न तयार छ भने कुराकानी कति लामो हुनसक्ला वा कति जति प्रश्न सोध्ने विचार छ सो बताइदिनुपर्छ । यसो गर्दा प्रश्न सोधेसकेपछि आफू त्यहाँबाट हिंड्दा उसलाई आफूलाई कुराकानीकै बीचमा छाडेर पत्रकार हिंड्यो जस्तो लाग्दैन । कुराकानीका क्रममा बोल्ने मानिस धेरै आवेगमा आयो, बोल्न सकेन र बोल्न अप्ठ्यारो मान्यो भने उसलाई एकान्तमा गएर कुराकानी गरौं कि भन्दा राम्रो हुन्छ ।

## महिला र केटाकेटीसँग कुराकानी

विपत्तिले सबैलाई एकै किसिमको असर पारेको हुँदैन । महिला र केटाकेटीले पुरूषले नभोगेका समस्या भोग्नु परेको हुन सक्छ । महिला घरमूली भएका परिवारले पुरूष घरमूली भएका परिवारले भन्दा थप अनि फरक समस्या भोग्नुपरेको हुन सक्छ । त्यसैले विपत्तिमा परेका बेलामा पनि अरु बेलामा जस्तै महिला र केटाकेटीको पनि विचार बुझ्नु जरूरी हुन्छ । उनीहरूका आवाज सञ्चार माध्यममा आउनुपर्छ । यसका लागि उनीहरूसँग कुराकानी गर्नुपर्छ ।

केटाकेटीसँग कुराकानी गर्नुअघि केटाकेटी घरमा भए उनीहरूका अभिभावकको र स्कूलमा भए शिक्षकको मन्जुरी लिनुपर्छ ।

धेरै समुदायमा महिलाले चिनेका अथवा नचिनेका पुरूषसँग कुराकानी गर्नुलाई सामान्य मानिन्छ । तर कति समुदायमा महिला परपुरूषसँग कुराकानी गर्न हिच्किचाउँछन् । कुराकानी गरिहालेका खण्डमा घरका अरु मानिसले पछि उसलाई गाली गर्न सक्छन् । त्यसैले उनीहरूसँग कुराकानी गर्नुअघि उनीहरूले पछि गाली नखाने वातावरण तयार गर्नुपर्छ । आफूले कुराकानी गर्न लागेका समुदायको चालचलन र रीतिरिवाजलाई सम्मान गर्नुपर्छ ।

आफूले मानिससँग कुराकानी गरिरहेका ठाउँमा अरु पत्रकार झुम्मिए र उनीहरूले प्रश्न सोध्न थाले भने अन्तर्वार्ता दिने मानिसलाई अप्ठ्यारो पर्छ । हामी पत्रकारहरूले यस्तो अप्ठ्यारो पार्नुहुँदैन भन्ने ज्ञान पाइसकेका छैनौं । अरु पत्रकारले के गर्छन् त्यो हाम्रो वशमा नहुन सक्छ । हामी आफूले असभ्य व्यवहार नगरेर अरूलाई सिकाउनेसम्म गर्न सक्छौं । यस्ता बेलामा उसको अप्ठ्यारो कसरी हटाउने भनी उपाय खोज्नुपर्छ । तत्कालका लागि कुरा गर्न रोकौं कि भन्न पनि सकिन्छ ।

पत्रकारको बोलीको शैली र शरीरको चालढालले असर पार्छ । आघात बेहोरेको मानिसको दिमागमा आवेग/संवेग बढाउने खण्ड बढी सक्रिय र विवेक बढाउने खण्ड कम सक्रिय हुन सक्छ । उसले कुरा ढिलो गरी बुझ्न सक्छ, एकै पटकमा कुरा नबुझ्न सक्छ । यस्ता बेलामा उसले कुरा बुझिनँ भन्न सक्छ । पत्रकारले के कुरा सोध्यो भन्ने कुरा उसले चाँडै बिर्सन सक्छ । पत्रकारले सम्मान गरेर सोध्यो कि होच्याएर सोध्यो भन्ने कुरा चाहिं सम्झिरहन सक्छ ।

समानुभूति देखाउने, वास्ता नगरे झैं गर्ने होइन । तर समानुभूति देखाउने नाममा आफैं भावुक हुनु भने हुँदैन । समान अनुभूति गर्नुको मतलब उसकै जस्तो अनुभूति गर्नु होइन उसको आवेग/संवेगलाई कदर गर्नु मात्र हो । आघात परेका सबै मानिसले एकै खालको व्यवहार गर्छन् भन्ने ठान्नुहुँदैन । यस्ता बेलामा कोही उदास हुन्छन्, कोही भावशून्य हुन्छन् भने कोही बेसुरा जस्ता हुन्छन् । उनीहरूको प्रतिक्रियाका आधारमा उनीहरूको अवस्था यस्तो छ भनेर भन्न सकिंदैन ।

शारीरिक हाउभाउ । उनीहरूलाई समानुभूति देखाउने खालको हाउभाउ गर्नुपर्छ । बसेर लामो समय लगाएर कुराकानी गर्ने विचार छ भने बोल्ने मानिसका छेउमा बसे हुन्छ । आघात परेका बेलामा कोही मानिस प्रश्न सोध्नेले उनीहरूका अनुहारमा नहेर्दा सजिलो मान्छन् । यस्ता बेलामा उसले भुइँ अथवा भित्ता जता हेरेको छ त्यतै हेरेर प्रश्न सोध्दा राम्रो हुन्छ । अलिकति अगाडि झुकेर प्रश्न सोध्दा आफू आत्मीय भए जस्तो देखिन्छ । हात बाँध्नु अथवा एउटा खुट्टा अर्को खुट्टामाथि राख्नुलाई शत्रुवत् व्यवहार ठानिन्छ । यस्ता बेलामा आफूलाई अप्ठ्यारो लाग्न सक्छ । यसो हुनु स्वाभाविक हो । त्यसलाई अन्यथा ठान्नुहुँदैन ।

रूवाइ । आफूले कुरा गरिरहेको मानिस रोयो भने अनर्थ भयो भनिहाल्न हुँदैन । अनर्थ नभएको पनि हुन सक्छ । उसलाई धेरै मानिसको अगाडि रूँदा लाज लाग्यो अथवा अपमानित भए झैं लाग्यो भने अलि एकान्त ठाउँमा लैजानुपर्छ । पहिलेकै ठाउँमा ठीकै छ भन्यो भने कुराकानी अघि बढाए हुन्छ ।

रूँदा राल–सिंगान बग्दा मानिस लज्जित हुन्छन् । यस्ता बेलामा राल–सिंगान पुछ्नका लागि टिस्यु पेपर दिंदा उसलाई सजिलो हुन्छ (टिस्यु पेपर कहिल्यै नचलाएका मानिसलाई भने यसले अप्ठ्यारो पार्न सक्छ । यस्ता बेलामा यसले पुछ्नुस् भन्दा राम्रो होला कि ?) । उसको पाखुरा

समाइदिंदा पनि उसलाई सजिलो लाग्न सक्छ (तर यो कुरा उसको उमेर र लिंगमा पनि भर पर्छ) । उसलाई सान्त्वना दिने खालका कुरा गर्दा पनि राम्रो हुन सक्छ । उसको कुरा अरूले किन थाहा पाउनुपर्छ भनी बताउँदा पनि सहयोग पुग्छ ।

मूर्ख प्रश्न सोध्नुहुँदैन । "तपाईंलाई कस्तो लागेको छ ?" भन्ने जस्ता मूर्ख प्रश्न सोध्नुहुँदैन । मनोविज्ञहरूका अनुसार कहिलेकाहीं घुमाउरो पाराले सोध्दा राम्रो हुन्छ । जस्तै, "त्यो घटना कसरी भयो ?" यस्ता बेलामा सावधान हुनुपर्छ । "तपाईंलाई कस्तो लागेको छ भन्ने कुरा मलाई थाहा छ" जस्ता कुरा पनि गर्नुहुँदैन । किनभने उसलाई कस्तो लागेको छ भन्ने कुरा हामीलाई थाहा हुँदैन । "तपाईंलाई यस्तो लागेको हुनुपर्छ" भनेर पनि भन्न हुँदैन । यति बेलामा उसलाई आफ्ना विचार व्यक्त गर्न सजिलो बनाउनुपर्छ । उसले बोलेका कुरा राम्रोसँग सुन्नुपर्छ । उसले बोलेका बेलामा जान्ने भएर प्याच्च (ओहो, यस्तो भयो होला है, भाग्यले बाँच्नु भएछ आदि) बोल्नुहुँदैन । यस्तो अवस्थामा आफू चूप लाग्दा राम्रो हुन्छ । "मलाई नै यस्तो किन भयो ?" भनेर उसले सोधेका खण्डमा सोझो जवाफ नदिई घुमाउरो पारामा दिनुपर्छ । तपाईंको जवाफ ठीक भएन भनेर उसले भन्यो भने मेरो जवाफ सही हो भनेर ऊसँग झगडा गर्नुहुँदैन । शोकाकुल मानिसले अरूका कुरा अस्वीकार गर्नु अनुचित होइन । यसले उसलाई फाइदै गर्छ ।

कुराकानी अन्त्य गर्ने तरिका । कुराकानीको अन्त्यमा उसलाई सान्त्वना पुगेको हुनुपर्छ । उसको दिमागलाई दुःखपूर्ण प्रसंग छाडेर अरु नै विषय सोच्ने अवस्थामा पुऱ्याउनुपर्छ । अवस्था अनुसार ऊसँग हात मिलाउन सकिन्छ कि ? उसको दुःख चाँडै अन्त्य होस् जस्ता कामना गर्न पनि सकिन्छ । धेरै लामो समयसम्म कुराकानी गरेको छ र फोन सेवा पुगेको छ भने कुराकानी गरेको हप्ता दिनपछि ऊसँग फेरि कुराकानी गर्दा राम्रो हुन्छ । आघात परेका कोही मानिस कहिलेकाहीं अरूले केही नबिगारे पनि उनीहरूसँग रिसाउँछन्, झर्किन्छन् । यो उनीहरूको अवस्थाको प्रतिक्रिया हो, उनीहरु हामीसँग रिसाएका होइनन् । यति बेलामा आफ्नो विवेक उपयोग गरेर काम गर्नुपर्छ ।

## यसबाट सिकिएका पाठ

रिपोर्टिङका विषय र त्यसमा समेटिएका समुदायप्रति संवेदनशील हुनुपर्छ । झट्ट देख्दा जे लाग्यो सो लेख्नुहुँदैन । आफूले देखे भोगेका कुरालाई राम्रोसँग मनन गरेर मात्र स्टोरी तयार गर्नुपर्छ ।



# मानवीय विपत्तिको रिपोर्टिङ गर्ने पत्रकारको सुरक्षा र मानसिक स्वास्थ्य

पत्रकारको ज्यान जोखिममा परेका बेलामा नेपाल पत्रकार महासंघ, राष्ट्रिय मानव अधिकार आयोग तथा मानव अधिकारका क्षेत्रमा काम गरिरहेका अरु संघसंस्थाहरूले मद्दत गर्न सक्छन् ।

### प्राथमिक उपचार तालिम

पत्रकारहरूले प्राथमिक उपचार तालिम लिएका खण्डमा आफ्नो र आफ्ना साथीको ज्यान जोगिन सक्छ । नेपाल रेडक्रस सोसाइटीले एक हप्ते प्राथमिक उपचार तालिम चलाउने गरेको छ । यस्तो तालिम रेडक्रसका जिल्ला शाखाले पनि दिन्छन् । यो तालिम पत्रकारका लागि मात्रै भनेर चलाइँदैन । प्राथमिक उपचार सम्बन्धी सबै कुरा समेटिएको हुनाले यस्तो तालिम पत्रकारिता गर्दा मात्र होइन अरु बेला पनि काम लाग्छ ।










### प्राथमिक उपचार बाकस

पत्रकारले फिल्डमा जाँदा प्राथमिक उपचार गर्न आवश्यक पर्ने सामग्री बोक्नुपर्छ । निम्न सामग्री प्राथमिक उपचारका लागि अति जरूरी हुन्छन्ः

- विभिन्न आकारका कीटाणु/जीवाणुरहित ब्यान्डेज, त्रिकोणात्मक, ठूला र साना
- एक पटक चलाएर फाल्ने खालका ल्याटेक्स पन्जा
- कृत्तिम श्वासप्रश्वासका लागि सानो प्लास्टिक एअरवे उपकरण
- कैंची
- सेफ्टि पिन
- प्लास्टिकका झोला
- फ्ल्यासलाइट, सकेसम्म हेड ल्याम्प
- टाँसिने टेप
- प्वाल परेको टेप, र
- एन्टिबायोटिक क्रिम

नोटः एस्प्रिन जस्ता औषधीले केही मानिसलाई उल्टो असर गर्ने हुनाले औषधी लिंदा ख्याल गर्नुपर्छ ।

प्राथमिक उपचारका यी सामान आफैं किनेर बाकसमा राखे हुन्छ । प्राथमिक उपचारका लागि चाहिने सबै सामान भएका तयारी बाकस पाइन्छन् भने त्यही किने पनि हुन्छ ।

## आफ्नो ख्याल गर्नुपर्छ

२७.०६.२००८[4] मा आइजेनेटमा पोस्ट गरिएको

आन्ने नेल्सन, कोलम्बिया ग्र्याजुयट स्कूल अफ जर्नालिजम र डा. ड्यानियल नेल्सन, एम.डी., युनिभर्सिटी अफ सिन्सिन्नाटी

जो पत्रकारले विपत्ति भोगेका, देखेका अथवा आफन्त गुमाएका हुन्छन् उनीहरूलाई प्रत्यक्ष आघात पर्न सक्छ ।

विपत्ति भोग्नु नपरे पनि विपत्तिका बारेमा रिपोर्टिङ गरेका पत्रकारलाई पनि आघात पर्न सक्छ । रिपोर्टिङका क्रममा उनीहरूले जे देख्छन्, सुन्छन् र भोग्छन् त्यसले पनि उनीहरूलाई दुःखी र शोकाकुल बनाउँछ । यस्तो आघातलाई मनोविज्ञहरु अप्रत्यक्ष आघात भन्छन् ।

## तनाव

विपत्तिका बारेमा रिपोर्टिङ गर्दा सुरूमा धेरै पत्रकार थाकेको अनुभव गर्छन् । उनीहरूको दिमागले शरीरभर तनावयुक्त हार्मोन र रस फैलाउँछ । तर पनि उनीहरु यस्ता कुराको ख्यालै नगरी काममा ध्यान दिन्छन् (खानेपानी/बिजुली जस्ता कुराको बिल तिर्ने, घरपरिवारको ख्याल गर्ने जस्ता कुरामा पनि ध्यान दिंदैनन्) र आफूलाई असामान्य अवस्थामा धकेल्छन् । केही दिनपछि उनीहरूको मृगौला नेरको अड्रिनल ग्रन्थी कमजोर हुन्छ । कसैको धेरै कमजोर हुन्छ, कसैको अलि कम । यसले गर्दा मानिस नातागत हुन्छ, उसलाई सामान्य खालको डिप्रेसन भए जस्तो लाग्छ । यस्तो समस्या सामान्यतया केही समयपछि हट्छ ।

यो प्रक्रिया त्यो प्रक्रियासँग सम्बन्धित छ जसलाई मनोविज्ञहरु "अत्यधिक तनाव" भन्छन् । अत्यधिक तनाव भएका बेलामा निन्द्रामा ऐंठन हुन्छ, पसिना आउँछ, निन्द्रा लाग्दैन र खानेकुरा खाने रूचि बदलिन्छ । आघात पार्ने खालका घटनाको झझल्को आइरहनु यसको अर्को लक्षण हो । केही मानिस सानो आवाज आउँदा पनि तर्सने हुन्छन् ।

यस्ता लक्षण केही समय मात्र रहन्छन् । यिनलाई ठूलो रोगको संकेत मानिंदैन । यस्तो असर मानिसमा कति गहिरो हुन्छ भन्ने कुरा ऊ घटनाको कति नजिक परेको थियो भन्ने कुरामा निर्भर हुन्छ । मानिस घटनाको जति नजिक परेको हुन्छ उसमा यसको असर उति नै बढी हुन सक्छ ।



घटना हुनुभन्दा पहिले नै मानसिक समस्या भोगेको व्यक्ति अथवा परिवारको समस्यालाई यस्ता घटनाले अझ चर्काइदिन्छ । समस्या चर्केर मध्यम स्तरमा पुग्दा छाला फुट्छ र अरु खालका शारीरिक समस्या देखिन्छन् । ध्यान केन्द्रित नहुने, बिर्सने, झर्को लाग्ने र आफैंसँग रिस उठ्ने हुन्छ । कसैमा यस्ता लक्षण देखिएका छैनन् भने एकदमै राम्रो । यस्ता लक्षण देखिइहालेमा पनि धेरै चिन्ता गर्नुपर्दैन किनभने यो असामान्य अवस्थाप्रति मानिसको शरीरले देखाउने सामान्य प्रतिक्रिया हो ।

के गर्ने ?

पत्रकार र उसका वरपर बस्ने मानिसले यीमध्ये केही लक्षणको उपचार गर्न सक्छन् । स्टोरी ब्रेक गरिरहेका बेलामा शरीरमा हार्मोन र रस फैलने कामलाई रोक्न सकिंदैन । यस्तो अवस्था लामो समयसम्म रहनुहुँदैन भन्ने कुरा भने ख्याल राख्नुपर्छ । पत्रकारले ब्रेक गरेको स्टोरी मानिसले पढिसक्ने/सुनिसक्ने/हेरिसक्ने बित्तिकै पुरानो हुन्छ । यो अवस्था पनि त्यति नै चाँडो अन्त्य हुनुपर्छ । सञ्चार माध्यमका समाचार प्रमुखले आफ्ना रिपोर्टरलाई – आफ्ना संस्थाका महामानव रिपोर्टरलाई समेत – यस्तो अवस्था आउँछ भन्ने कुरा ख्याल गर्नुपर्छ । त्यसैले, उनीहरूलाई काममा पालो दिने व्यवस्था मिलाउनुपर्छ । समाचार कक्षमा रिपोर्टरलाई सहयोग पुग्ने खालको वातावरण तयार गर्नुपर्छ । रिपोर्टरले के कुरा ख्याल गर्नुपर्छ भने कफी र चियामा पाइने क्याफिनको मात्रा धेरै भयो भने यसले तनाव अझ बढाउँछ । यसले विशेषगरी सम्झनाशक्ति घटाउन सक्छ । त्यसैले, कफी धेरै खानुहुँदैन । जाँडरक्सीले मानसिक तनावलाई केही समयसम्म दबाउँछ तर यसरी दबिएको तनाव केही समयपछि विस्फोट हुन सक्छ । जाँडरक्सीले रोगसँग लड्ने क्षमता पनि घटाउँछ जसले गर्दा शारीरिक रोग लाग्ने सम्भावना बढ्छ । जाँडरक्सी धेर खाँदा दीर्घकालीन मानसिक रोग लाग्ने जोखिम बढ्छ । केही पत्रकारहरु हिरो हुनका लागि खाना खान पनि नभ्याउने गरी "अति व्यस्त" भएको स्वाङ पार्छन् र खाना खाँदैनन् । केही दिनसम्म खाना नखाँदा पाचन प्रणाली बिग्रन्छ । आफ्नो शरीरले खेलाडीको शरीरले जस्तो असीमित क्षमता देओस् भनी आशा गर्ने पत्रकारले खानेकुरामा खेलाडीले जस्तै गरी ध्यान दिनुपर्छ । प्रोटिन र स्वस्थ कार्बोहाइड्रेट मिलाएर खानुपर्छ । भिटामिन खासगरी भिटामिन बी र ई पनि खानुपर्छ । क्याफिन, जंक फुड र जाँडरक्सीको खान्कीले प्रतिरोध क्षमता घटाउँछ । अन्त्यमा काम गर्न नसक्ने बनाउँछ । सकिन्छ भने दिनैपिच्छे शारीरिक अभ्यास गर्नुपर्छ । शान्त भएर दिनभरका

काम/व्यवहारको समीक्षा गर्नुपर्छ । यसो गर्न सकिंदैन भने बेलाबेलामा शरीर तन्काउने र कामबाट एकैछिन भए पनि छुट्टी लिने गर्नुपर्छ । कसैलाई नहोच्याउने गरी हाँसीमजाक गर्न पनि छाड्नुहुँदैन । यी असामान्य अवस्थामा आफ्नो प्रतिरक्षा गर्ने सामान्य उपाय हुन् ।

निदाउनुपर्छ । निन्द्रा नलाग्ने समस्या छ भने सुत्नुभन्दा केही पहिलेदेखि टेलिभिजन हेर्नुहुँदैन । किताब पढ्नुपर्छ । सकेसम्म बोर लाग्ने किताब । बजारमा प्रेस्क्रिप्सन विनै किन्न पाइने मेलाटोनिन थोरै मात्रामा (१-३ एमजी) खाँदा पनि निदाउन सहयोग मिल्छ । बेनाड्रेल (प्रेस्क्रिप्सन विनै किन्न पाइने एलर्जीको औषधी) २५-५० ग्राम खाँदा पनि राम्रै हुन्छ । चारपाँच दिनका लागि काम लाग्छ । माथि भनिए झैं निदाउनका लागि जाँडरक्सी खानु भने हुँदैन । यसले भलो होइन कुभलो गर्छ । उल्टा उल्टा कुरा सोचेर निन्द्रा लाग्दैन भने डाक्टरकहाँ गइहाल्नुपर्छ ।

आफूले भोगेका कुरा अरूलाई बताउँदा आफ्नै बोझ हल्का हुन्छ । दुःख/शोक र पैसा जति बाँड्यो उति घट्छ । पत्रकारहरू आफूले रिपोर्टिङ गरेका विषय दुःखपूर्ण र डरलाग्दा हुनाले त्यसका बारेमा परिवारसँग कुराकानी गर्नुहुँदैन भन्ने ठान्छन् । त्यसो भए यस्ता कुरा सुन्न सक्षम साथीलाई सुनाउनुपर्छ । खपिनसक्नु भएको छ भने रूँदा राम्रो हुन्छ, तनाव घट्छ । मानसिक स्वास्थ्यका क्षेत्रमा काम गर्ने मानिसले मानसिक बिरामीलाई मात्रै मद्दत गर्ने होइनन् तनाव र आघात कम गर्ने उपाय पनि बताइदिन्छन् । धर्ममा आस्था हुनेले धार्मिक क्रियाकलाप गरेर मन बहलाए पनि हुन्छ । आफ्नो ख्याल गर्नुपर्छ । जे काम गर्दा आफूलाई शान्ति मिल्छ त्यही काम गर्नुपर्छ ।

**अरू कुराः**

१. केही पत्रकारलाई अर्काको दुःखको रिपोर्टिङ गरेर आफ्नो नाम कमाउने काम गरेको भनी अपराधबोध हुन सक्छ । विपत्तिका बारेमा वर्णन गर्नु (विपत्तिका कथा भन्नु, कविता/गीत रच्नु र गाउनु), सार्वजनिक रूपमा शोक मनाउनु विपत्तिसँग जुध्ने तरिका हुन् । जहिले जहिले विपत्ति पर्छ तहिले तहिले मानिस यसो गर्छन् । विपत्तिका बारेमा सञ्चार माध्यमले समाजले गर्दै आएको यही काम गरेको हो । यो मानव संस्कृतिको अभिन्न अंग हो । अपमानजक र हानि पुऱ्याउने खालका प्रवृत्तिमा नलागेका पत्रकारले विपत्ति भोगेका मानिसलाई उनीहरूका

कथाव्यथा सम्मानजनक र सहानुभूतिपूर्वक अरूलाई बताउन सहयोग गरेका हुन्छन् । यस्तो सहयोग पाउँदा विपत्ति भेलेका मानिसलाई राहत मिल्छ । त्यसैले विपत्तिको रिपोर्टिङ गरेर दालभात जुटाउनुपर्ने अथवा पेसागत खुड्किलो उक्लनुपर्ने पेसा भनेर अपराधबोध गर्नुपर्दैन । आफूले गरेका काममा गर्व गर्नुपर्छ । विपत्तिमा परेकालाई मान्छे नै नगरेर उनीहरूलाई थप चोट पुऱ्याउने पत्रकारले भने अपराधबोध गरी आफूलाई सच्याउनुपर्छ ।

२. विपत्ति भोगेका अधिकांश मानिस बिस्तारै तङ्ग्रँदै गएर पछि सामान्य जीवन बिताउँछन् । ठूलो मनोवैज्ञानिक आघात परेका मानिसमध्ये पनि अधिकांश ६ हप्ता जतिमा तङ्ग्रन्छन् (धेरै कुरा गुमेका र ठूलो शोकमा परेका मानिसहरूले ६ महिनादेखि एक वर्षसम्म असाध्यै धेरै शोकमनाउ गर्छन्) ।

३. विपत्ति परेका बेलामा आफूले "सहायक भूमिका" मात्र निर्वाह गरेकोमा केही पत्रकारलाई पश्चत्ताप लाग्न सक्छ । विपत्तिका बेलामा मैदानमा गएर रिपोर्टिङ गर्न नपाएका केही पत्रकारहरूले आफूले "साहसिक" काम गर्न नपाएको, सहायक भूमिका मात्र खेल्नुपरेको ठान्न सक्छन् । जसरी औषधोपचारका क्षेत्रमा इमर्जेन्सी कक्षमा खटिने फिजिसियन र क्यान्सर विशेषज्ञ दुवैको उत्तिकै महत्व हुन्छ त्यसैगरी पत्रकारितामा पनि विभिन्न भूमिका खेल्ने सबै पत्रकार उत्तिकै महत्वपूर्ण हुन्छन् । मैदानबाट रिपोर्टिङ गर्ने पत्रकारको रिपोर्टलाई सम्पादन गरी आम मानिससम्म पुऱ्याउने काम पनि त्यत्तिकै ठूलो हो । अर्को के कुरा पनि ख्याल राख्नुपर्छ भने विपत्ति सम्बन्धी स्टोरीको स्वरूप चाँडै बदलिन्छ । सधैंभरि भुइँचालोले कति क्षति पुऱ्यायो भन्ने विषयको रिपोर्टिङ गरेर मात्र पुग्दैन । अलि पछि भुइँचालोबाट मानिस कसरी तङ्ग्रँदैछन् भनेर पनि रिपोर्टिङ गर्नुपर्छ । यस्तो रिपोर्टिङका लागि तपाईंसँग भएको सीप काम लाग्न सक्छ ।

४. विपत्तिको प्रत्यक्ष मारमा नपरेकाले आफूलाई मनौवैज्ञानिक आघात पर्दैन भनी केही पत्रकारहरू ठान्छन् । तर विपत्तिका बारेमा रिपोर्टिङ गर्दा उनीहरूले जे कुरा देख्छन्, सुन्छन् र भोग्छन् त्यसबाट पनि मानसिक आघात पर्छ । यस्तो आघात विपत्ति भोगेका मानिसले भोग्ने जस्तो ठूलो भने हुँदैन । तर उनीहरू विपत्तिग्रस्त क्षेत्रमा नपुगेका मानिस जस्तो गरी विपत्तिबाट अछुतो रहन सक्दैनन् । हिजोआज औषधी विज्ञानमा लागेका मानिसहरू विपत्तिले आम मानिसलाई आघात पारेको हुन्छ, उनीहरूको मानसिक स्वास्थ्यलाई पनि ध्यान दिनुपर्छ भन्न थालेका छन् । आम मानिसको यस समूहभित्र पत्रकार पनि पर्छ ।

५. दु:खित हुनु र डिप्रेसन हुनु अलग अलग कुरा हुन् । विपत्ति पर्दा धेरै दु:खी हुनु स्वाभाविक

हो । अर्कोतिर डिप्रेसन भनेको "आशा नभएको, असहाय भएको र भविष्य केही गर्दा पनि हटाउन नसकिने अन्धकारमा परेको अनुभूति हो ।" यस्तो अवस्था दुई हप्ताभन्दा बढी रहन सक्छ । राम्रोसँग काम गर्न नसक्नु र आफैंलाई अथवा अरूलाई चोट पुऱ्याउने सोचाइ आइरहनु यसका अन्य लक्षण हुन् । यस्तो अवस्थामा वान्ता हुने र टाउको दुख्ने पनि हुन सक्छ । विपत्ति भोगेका पत्रकार, डाक्टर, उद्धारकर्ता र अरु मानिसले आफूलाई प्रायशः अप्रत्यक्ष मनोवैज्ञानिक असर परेको बताउने गर्छन् । उनीहरूलाई सामान्य अवस्थामा फर्कन नौदेखि बाह्र महिनासम्म लाग्न सक्छ । आफूले गरेको अनुभव बिर्सने उपाय नअपनाउने हो भने यो अवधि अझ बढ्न सक्छ । सुरूमै रोकथामका उपाय अपनायो भने असर कम हुन्छन् ।

## सिकिएका पाठ

आफ्नो सञ्चार माध्यमको सुरक्षा नीतिको समीक्षा गर्नुपर्छ । फिल्डमा जानुअघि आपतकालमा के गर्ने भनी सोच्नुपर्छ । मानवीय विपत्तिको रिपोर्टिङ गर्दा आफूमा तनाव आइलाग्न सक्छ भन्ने कुरा बिर्सनु हुँदैन । आफ्नो ख्याल गर्नुपर्छ ।



# तङ्ग्रयाइ, रोकथाम र तयारीका लागि सञ्चार माध्यम

"विपत्ति आउन नदिनका लागि आफैंले काम थाल्नुपर्छ । मानिसका आधारभूत आवश्यकता (स्वास्थ्य, पोषण र शिक्षा) प्रदान गर्ने, समावेशी सामाजिक नीतिलाई प्रवर्द्धन गर्ने, नागरिकका राजनीतिक अधिकार प्रवर्द्धन गर्ने र शासकलाई उत्तरदायी बनाउने खालका रणनीति मात्रै प्रभावकारी हुन्छन् ।"[5]

तङ्ग्रयाइ, थप क्षति रोकथाम र भविष्यका लागि तयारी जस्ता विषयमा छलफल नगरीकन मानवीय विपत्ति सम्बन्धी रिपोर्टिङ पूर्ण हुँदैन ।

विपत्ति आइलागेका बेलाको मात्रै रिपोर्टिङ गरेर पुग्दैन । विपत्ति किन आइलाग्यो ? विपत्तिपछि मानिस कसरी गुजारा गरिरहेका छन् ? विपत्तिका असरलाई कसरी हटाउन वा कम गर्न सकिन्थ्यो ? भविष्यमा के गर्नुपर्छ ? आदि जस्ता विषयमा पनि रिपोर्टिङ गर्नुपर्छ ।

**तङ्ग्रयाइः**

विपत्ति आइलागेको केही समय बित्ने बित्तिकै अधिकांश सञ्चार माध्यमले यस विषयलाई बिर्सिदिन्छन् । दुःखद घटना अलि पुरानो भएपछि अधिकांश रिपोर्टर अर्को दुःखद घटनाको खोजीमा लाग्छन् । यति बेला विपत्ति सम्बन्धी साँच्चैको स्टोरी सुरू मात्र भएको हुन्छ । गृहयुद्धको अन्त्य भएका बेलामा हजारौं मानिस अझै पनि बेघरबार भएका हुन सक्छन्, उनीहरूले आफ्नो घर फर्कन पाएका हुँदैनन् । आफ्नो जमिनमा खेतीपाती गर्न पाएका हुँदैनन् । आँधी थामिए पनि

[5] Nafziger, E.W. & Vayrynen, R. (Eds). (2002). The Prevention of Humanitarian Emergencies.

हजारौं मानिसले आधारभूत कुरा पाएका नहुन सक्छन् । महामारी थामिए पनि धेरै बालबालिका आमाबाबुविहीन भएका हुन सक्छन् । त्यसैले विपत्ति सम्बन्धी विषयमा रिपोर्टिङ गर्दा दीर्घकालीन दृष्टिकोण लिनुपर्छ । यसका लागि प्रतिबद्ध भएर अनुसन्धान र रिपोर्टिङ गर्नुपर्छ किनभने विपत्तिका असर धेरै पछिसम्म रहिरहन्छन् ।

रिपोर्टिङका एंगलः मानवीय विपत्तिबाट तङ्ग्रनु भन्नाले धेरै अर्थ लाग्छन् । सञ्चार माध्यमले प्रायःजसो देशको अर्थतन्त्रमा पुगेको क्षति, पुनर्निर्माणका लागि चाहिने खर्च र यस्तो खर्च कहाँबाट जुटाउने भन्ने विषय उठाउने गर्छन् । यस बाहेक हामीले उठाउनुपर्ने धेरै एंगल छन् । जस्तैः विपत्ति भोगेका मानिस मनोवैज्ञानिक झट्काबाट कसरी तङ्ग्रेलान् ? काम र आम्दानी गुमेका परिवारले आफ्नो जीवन कसरी धान्लान् ? गम्भीर चोटपटक लागेका मानिस कसरी निको होलान् ?

### तङ्ग्रयाइसँग सम्बन्धित विषयको छनोट गर्दा निम्न चार पक्षमा ध्यान दिनु उपयुक्त हुन्छः

**आर्थिक –** विपत्तिले कस्तो दीर्घकालीन वित्तीय असर पारेको छ ? पुनर्स्थापनाका लागि कति खर्च लाग्ला ? मानिसहरू कहिलेसम्ममा घर फर्कन पाउँछन् ? कहिलेसम्ममा उनीहरूले रोजगारी पाउलान् ? कति मानवीय सहायता आउला ? त्यसरी आउने पैसा कसरी खर्च गरिएला ?

**सामाजिक –** समग्र समुदाय कसरी अघि बढ्दैछ ? समुदायलाई आधारभूत सेवा दिने संस्था स्कूल, बैंक र अस्पताल चालू छन् ?

**संवेगात्मक –** विपत्तिले कस्तो मनोसामाजिक असर पारेको छः परिवारमा ? गाउँ/टोलमा ? देशमा ? विपत्तिसँग मानिसहरु कसरी जुध्दैछन् ? मानिसलाई कस्तो खालको मनोसामाजिक सहायता दिइएको छ ?

**स्वास्थ्य –** समुदायको स्वास्थ्य सम्बन्धी दीर्घकालीन आवश्यकता के के हुन् ? यी आवश्यकता पूरा गर्न विद्यमान स्वास्थ्य प्रणाली सक्षम छ कि छैन ? तत्कालै गरिहाल्नुपर्ने स्वास्थ्य सम्बन्धी काम के के हुन् ?

**रोकथामः**

विपत्ति आइलाग्ने बित्तिकैका संकट पार गरिसकेपछि आँखाअगाडि जे देखिन्छ त्यसको रिपोर्टिङ गर्नका सट्टामा गहन रिपोर्टिङ गर्नुपर्छ । विपत्ति किन आयो र भविष्यमा यस्तो क्षति हुन नदिन के गर्नुपर्छ भन्ने जस्ता विषयमा ध्यान दिनुपर्छ । यस्तो खालको अनुसन्धान पत्रकारका लागि संवेदनशील हुन्छ । खासगरी विपत्ति जटिल खालको छ भने विपत्ति निम्त्याउनमा अथवा त्यसको असर बढी बनाउनमा स्थानीय व्यक्ति/संस्थाको हात हुन सक्छ । सरोकारवाला निकाय, आम मानिस, सरकारी अधिकारी, सहायता संस्था, अन्तर्राष्ट्रिय समुदायलाई सुसूचित बनाउनका लागि रोकथामका उपायका बारेमा पत्रकारले अनुसन्धान गर्नु जरुरी हुन्छ जसले गर्दा भर्खरै आए जस्ता विपत्ति दोहोरिन पाउँदैन अथवा नयाँ खालको विपत्ति आउन नदिन वा त्यसबाट ठूलो असर पर्न नदिन सकिन्छ ।

**यो काम कहाँबाट थाल्ने ?**

१. मानवीय विपत्ति सम्बन्धी जानकारी खोज्ने र तिनलाई व्यवस्थित गर्ने । रोकथामका बारेमा कुरा गर्नुभन्दा पहिले विपत्तिका कारण र परिणामका बारेमा आफू स्पष्ट हुनुपर्छ ।
२. विपत्तिका विभिन्न पक्षका बारेमा बोल्न सक्ने विज्ञ, संस्था र नेता पत्ता लगाउनुपर्छ ।
३. यस्तै खालका विपत्तिका अन्य घटनाको अध्ययन गर्नुपर्छ । ती दुईवटा अलग अलग घटना भएपछि गरिएका काम र परिणाम उस्तै थिए कि फरक भनी विश्लेषण गर्नुपर्छ ।
४. समस्याका साथमा आफ्नो अनुसन्धानबाट पत्ता लागेका समाधान पनि देखाइदिनुपर्छ । त्यस्ता जानकारी आफ्नो अडियन्सले बुझ्ने र उपयोगी तरिकाले प्रस्तुत गर्नुपर्छ ।

**तयारीः**

विपत्तिबाट तङ्ग्रिएको अवस्था तथा रोकथामका बारेमा रिपोर्टिङ गरिसकेपछि पत्रकारले यस्ता विपत्ति भविष्यमा दोहोरिन नदिन भइरहेका तयारी (तयारी भएको छैन भने यही कुरा) मा ध्यान दिनुपर्छ । विपत्तिले प्रायशः दुईवटा कमजोरी देखाएको हुन्छः (१) सरकारी प्रतिक्रिया र व्यवस्थित योजनाको अभाव, र (२) स्थानीय मानिसका लागि सूचना सामग्रीको अभाव ।

[6] Maqbool, A. (February 2, 2010). Muzaffarabad earthquake survivors left out in the cold. BBC News. http://news.bbc.co.uk/2/hi/south_asia/8494009.stm

मानवीय विपत्ति आइसकेपछि हामीले हाम्रो सोचाइ र व्यवहार स्थायी रूपमा कसरी फेर्ने भन्ने कुरामा ध्यान दिनुपर्छ जसले गर्दा भविष्यमा आइलाग्ने यस्ता विपत्तिसँग राम्रोसँग जुध्न सरकार र अन्य निकाय सक्षम हुन्छन् ।

१. सरकारी/संस्थागत संरचनाको समीक्षा/योजना
२. जनचेतना अभियान/शिक्षा
३. सहायता संस्थाको भूमिका

आदर्श अवस्थामा, विपत्तिले सरकार र नागरिकलाई भविष्यमा आउने संकटको सामना गर्न तयार हुनुपर्छ भन्ने पाठ पढाएको हुन्छ । यस प्रक्रियालाई अघि बढाउन पत्रकारले भूमिका खेल्नुपर्छ । विपत्तिको प्रारम्भिक संकटपछि पनि लगातार रिपोर्टिङ गरेर र भविष्यमा विपत्तिको सामना गर्न कस्ता तयारी गरिएका छन् भन्ने विषयमा गहन स्टोरी लेखेर उनीहरूले यसो गर्न सक्छन् । संकट आएको निकै पछिसम्म यस्ता महत्वपूर्ण विषयलाई सञ्चार माध्यममा निरन्तर उठाएर पत्रकारले सरकार, दातृ निकाय र समाजलाई स्थानीय बासिन्दाप्रति उत्तरदायी हुन र संकट सामना गर्ने वास्तविक, प्रभावकारी, कागजमा मात्र होइन व्यवहारमा उतार्न सकिने खालको योजना बनाउन दबाब दिन सक्छन् ।

### केस स्टडीः विपत्तिभन्दा पछिका रिपोर्टिङ

मुजफ्फरावादका भूकम्पबाट बाँचेकाहरु अझै अलपत्र[6]

अलिम मकबुल

बीबीसी, मुजफ्फरावाद



अब्दुल्लाह खान अझै बेघर छन् ।

सन् २००५ को हेमन्त ऋतुमा उत्तरी पाकिस्तानमा आएको भुइँचालोमा दशौं हजार मानिस मरे । त्यसपछि, हेइटीमा ओइरिए जस्तै गरी ठूलो मात्रामा अन्तर्राष्ट्रिय सहयोग ओइरियो ।

भुइँचालो आएको चार वर्षपछि भूकम्पको उद्‌गम बिन्दुका बस्तीमा पुग्दा धेरै समस्या जस्ताका तस्तै रहेको पाइयो ।

मुजफ्फरावादको मध्य शहरको सरकारी कन्या हाइस्कूलका स-साना विद्यार्थीले अहिले पनि चउरमा बसेर पढ्नुपरेको छ ।

विद्यार्थीहरु अहिले पनि खेल खेल्ने मैदानमा अथवा अस्थायी समाधानका लागि टाँगिएका पाल अथवा बनाइएका छाप्रामा बसेर पढिरहेका छन् ।

चार वर्षभन्दा धेरै समय बितिसक्यो खानेपानी र ढल जस्ता नभई नहुने पूर्वाधार अझै बनेका छैनन्। शैक्षिक संस्थाका भवन पनि अझैसम्म बनाइएका छैनन् ।

जहिद अमिन, पूर्व प्रमुख, स्थानीय विकास कार्यालय ।

स्कूल भवन बनाउने काम भर्खर मात्र सुरू भएको छ । एक जना मानिस माटो जाँच गर्दैछन् । त्यसो गर्दा निस्केको आवाजले विद्यार्थीलाई आफ्ना शिक्षकले भनेको सुन्न गाह्रो परेको छ ।

यी विद्यार्थी भाग्यमानीमध्येका हुन् । अरु ठाउँका दशौं हजार विद्यार्थीले नयाँ स्कूलमा पढ्न पाउनका लागि अझ लामो समय पर्खनुपर्छ ।

सन् २००५ मा भुइँचालो गएपछि अभिभावकले स्कूलको भग्नावशेषमा आफ्ना छोराछोरी खोज्नुपरेको थियो ।

त्यस भुइँचालोमा ७०,००० मानिस मरेका थिए । तीस लाख मानिस बेघरबार भएका थिए ।

**'पूरा नभएका आश्वासन'**

भुइँचालो जाने बित्तिकै धेरै अन्तर्राष्ट्रिय सहायता आएको भए पनि पहिले सोचे जस्तो काम अहिलेसम्म भएको छैन । चार वर्षपछि पनि भुइँचालाले बेघरबार बनाएका केही मानिस पालमा बसिरहेका छन् ।

धूलैधूलो र फोहरैफोहर भएको शिविरमा हामीले अब्दुल्लाह खानलाई भेट्यौं । उनी मुजफ्फरावाद विश्वविद्यालयको नजिकै रहेको पालमा बसेका थिए । भुइँचालोमा उनका २० जनाभन्दा बढी नातेदार मरेका थिए । घर भत्किएको थियो । त्यसको एक वर्षपछि उनलाई यस शिविरमा ल्याइएको थियो । उनको घर अझै बनेको छैन ।



अमिना इर्सादले आफ्ना लोग्नेको अन्तिम संस्कार गर्न पाएकी छैनन्।

"राजनीतिज्ञहरु हाम्रा समस्या समाधान गरिदिन्छौं, हामीलाई बस्ने ठाउँ बनाइदिन्छौं आदि इत्यादि भनेर आश्वासन त दिन्छन् तर काम कहिल्यै गरिदिंदैनन्," उनले भने ।

यति धेरै वर्षपछि पनि, यति धेरै पैसा दिने बाचा गरिए पनि मानिसले किन यस्तो हालतमा बस्नुपरेको हो ?

स्थानीय विकास कार्यालयका पूर्व प्रमुख जहिद अमिन र उनी जस्तै अरु धेरै मानिसले यसका लागि राजनीतिक भद्रगोल र भ्रष्टाचार जिम्मेवार भएको बताए ।

"राजनीतिक अस्थिरताले गर्दा यसो भएको हो," उनले भने । "सरकार चाँडो चाँडो फेरिन्छ । नयाँ मान्छेले नयाँ योजना र कार्यक्रम ल्याउँछन् ।"

"भूकम्पले असर पारेका ठाउँका लागि आएको पैसा संघीय सरकारले लग्यो । यहाँ खर्च गर्नुपर्ने पैसा अन्तै राजनीतिक काममा खर्च गरियो ।"

पाकिस्तानी सूचना मन्त्री करिम जमन कारियाले यो आरोप निराधार भएको बताए । उनका अनुसार, शहरी क्षेत्रका अधिकांश स्कूल बन्न/मर्मत हुन बाँकी छ भन्ने कुरा सही होइन ।

“पैसा अन्त लगिएको छैन” कारियाले बीबीसीलाई बताए । “खासमा भन्ने हो, पहिलेभन्दा बढी ऋण लिएर त्यस क्षेत्रको विकासका लागि पठाइएको छ ।”

तर अमिन र अरूले के भनेका छन् भने भूकम्प भोगेका मानिसका लागि लिइएको ऋण अन्तै खर्च गरिएको छ ।

अरु कुनै उपाय नभएपछि धेरै मानिस भत्केका घरमा बस्न थालेका छन् । धेरै पसल र व्यवसाय खुलेका छन् ।

## अन्तिम संस्कार गर्न पाएको छैन

मुजफ्फरावादले भौतिक समस्या मात्र भोग्नुपरेको छैन ।

यस शहरका हरेक मानिससँग भुइँचालो गएका बेलामा कहाँ थिएँ अनि आफ्ना को को आफन्त मरे भन्ने विषयका कथाव्यथा छन् ।

अधिकांश मानिस नयाँ परिस्थितिमा भिजेका र उनीहरूले जसोतसो जीवन धानिरहेका भए पनि केहीका लागि बाँच्न धेरै कठिन भएको छ ।

अमिना इर्सादले आफ्ना लोग्नेको अन्तिम संस्कार गर्न पाएकी छैनन् । भुइँचालो आएका बेलामा उनका लोग्ने काममा हिंडेका थिए । उनी फर्केर आएनन् । उनको लाश पनि भेटिएन ।

“म सधैंभरि उनलाई सम्झन्छु,” इर्सादले भनिन् । “मलाई उनको लाश गाड्न पाए र उनको सम्झनामा प्रार्थना गर्ने ठाउँ पाए हुन्थ्यो जस्तो लागेको छ ।”

हामीसँग कुरा गर्दा उनले ओठ टोकिन् र एक छिन चूप लागिन् । त्यसपछि भनिन्, “उनी फर्केर आइदिए हुन्थ्यो जस्तो लाग्छ । उनी नहुँदा बाँच्न कठिन भएको छ ।”

अचम्मलाग्दो कुरा के छ भने भुइँचालोमा मरेका मानिसका लाश अहिले पनि भेटिंदैछन् । भुइँचलोपछि आएको पहिरोले पुरेको एउटा बस हालसालै सडक बनाउँदा भेटियो । त्यसमा १७ जनाको लाश पाइयो । उनीहरूका परिवारका लागि यो दुःखद कुरा थियो । तर उनीहरूले अन्तिम संस्कार गर्न त पाए ।

मुजफ्फरावादमा सन् २००५ को भुइँचालोको दुःखद घटना अहिले पनि ताजै छ ।

## सिकिएका पाठ

मानवीय विपत्तिको रिपोर्टिङ विपत्ति आएको केही समयभित्रै टुङ्गिदैन । मानिसलाई सुसूचित गराउन दीर्घकालसम्मको रिपोर्टिङ गर्नुपर्छ ।